**बालबालिकालाई निमोनियाबाट जोगाऔं**
निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमितरूपमा लगाइने खोपहरू लगाऔं,
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं,
- सरसफाइमा उचित ध्यान दिऔं,
- सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय ‘क’ वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 24 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६२

# वीरगंज, पोखरिया र कलैयाका अस्पतालमा औषधि अभाव

प्रस, वीरगंज, ७ कात्तिक/

नारायणी अस्पताल वीरगंज,



प्रादेशिक अस्पताल कलैया र जिल्ला अस्पताल पोखरियामा औषधि अभाव भएको छ ।




स्वास्थ्य बीमा गराएका बिरामीहरूले नारायणी अस्पतालमा एक महीनादेखि औषधि पाउन सकेका छैनन् भने प्रादेशिक अस्पताल कलैयामा दुई सातादेखि औषधि अभाव भएको छ। यसैगरी, पोखरियामा पनि गत साउनदेखि औषधि खरीद नभएको कारण सरकारले दिने औषधि उपलब्ध हुन सकेको छैन ।

सरकारले सयभन्दा बढी थरीका औषधि स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत अस्पतालबाटै उपलब्ध गराउँदै आएकामा नारायणी अस्पतालमा चालू आवमा औषधिको ठेक्का लाग्न नसकेकोले अहिले औषधि अभाव भएको हो। चार महीना अवधिमा तीनजना मेडिकल सुपरिटेन्डेन्ट परिवर्तन भएकाले अस्पतालका सेवाहरू प्रभावित हुँदै आएका छन् ।

नयाँ मेसुमा डा चुमनलाल दास गत असोज १८ गते हाजिर भए। त्यस अघि अस्पतालको कावा मेसु डा ऐनामुल हक थिए । डा हकले औषधिलगायतका सेवाहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्न नसक्दा अस्पतालमा बेथिति बढेको थियो। अस्पतालका तत्कालीन मेसु डा चितरञ्जन झापछि डा हक कावा मेसु भएका थिए । उनी आएपछि एकैपटक अस्पतालका ४७ जनालाई सेवाबाट हटाएपछि अस्पतालको अवस्था अस्तव्यस्त भएको थियो । सोही बखतदेखि अस्पतालको फार्मेसी सेवा बन्द भयो भने ५६ वटा शय्या पनि बन्द भएको थियो। जनशक्ति अभावमा ती सेवाहरू बन्द भएका थिए ।




अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ताले डा हकका बखत अस्पतालका धेरै सेवा प्रभावित भएको र अहिले बिस्तारै सुधारोन्मुख भएको बताएका छन् । उनले ५६ शय्यामध्ये ५४ शय्या सञ्चालनमा आएको, प्रयोगशालाको अवस्थामा सुधार ल्याइएको र औषधि व्यवस्थापनको लागि सप्लायर्सहरूलाई निर्देशन दिएको बताए।

स्वास्थ्य बीमालगायत औषधिहरू सेवाग्राहीहरूलाई उपलब्ध गराउन नयाँ मेसु आएपछि प्रक्रिया शुरू भएको अध्यक्ष गुप्ताले जानकारी गराएका छन् ।

*प्रस, कलैया/*

प्रादेशिक अस्पताल कलैयामा पनि अहिले औषधि अभाव भएको छ। नयाँ आएका मेसु डा सुनील कुशवाहा र लेखापाल रामबालक यादवबीचको मनमुटावका कारण औषधिको ठेक्का नलागेपछि स्वास्थ्य बीमा र फार्मेसीबाट उपलब्ध गराउने औषधिहरूमा कमी आएको छ ।

दुई सातामा ९० प्रतिशत औषधि अभाव भएको र अहिले स्वास्थ्य बीमा तथा फार्मेसीबाट सेवाग्राहीहरूले १० प्रतिशत औषधि मात्र पाइरहेका छन् । कलैया प्रादेशिक अस्पतालमा स्वास्थ्य बीमा गराएका बिरामीहरूले दैनिक डेढ लाखसम्मको औषधि लिंदै आएका थिए भने फार्मेसीबाट नगदमा दैनिक एक लाखसम्मको बिक्री हुने गरेको बताइन्छ।

सप्लायर्सहरूबाट औषधि खरीद गर्दा २० प्रतिशत कमिशन प्राप्त हुने र सोही कमिशनको विषयलाई लिएर मेसु र लेखापालबीच विवाद भएको अस्पताल स्रोतले जनाएको छ। दुवैबीचको विवादका कारण औषधि खरीद प्रक्रिया अगाडि बढ्न सकेको छैन र सेवाग्राहीहरूले औषधि पाएका छैनन् ।

**७० जना कर्मचारीले तलब पाएनन्**

प्रादेशिक अस्पताल कलैयामा कार्यरत ७० जना कर्मचारीले दशैंमा तलब पाएनन्। उनीहरूको तलब सात महीनादेखि बाँकी छ। अस्पताल विकास समितिका २५ जना, निक साइन्स अमेरिकी संस्थाका पाँचजना र दैनिक ज्यालादारीका ४० जना गरी ७० जनाले दशैंमा तलब पाएनन् । मेसु र लेखापालबीचको मनमुटावले उनीहरूले तलब नपाएको बताइन्छ । अस्पताल विकास समितिका अध्यक्ष प्रकाश चौगाईले भने कमिशनको कारण तलब वितरण नगरिएको सार्वजनिकरूपमा आरोप लगाउँदै आएका छन् ।

दशैंमा तलब नपाएका ७० जना कर्मचारीले तिहार र छठ नजीकै आइसक्दा पनि तलब पाएका छैनन् र तलबको लागि उनीहरू आन्दोलनको तयारीमा रहेको बताइन्छ ।

*प्रस, पोखरिया/*

पोखरिया जिल्ला अस्पतालमा पनि औषधि अभाव कायमै छ । स्वास्थ्य बीमाका बिरामीहरूको लागि औषधिको कुनै व्यवस्था गरिएको छैन। अस्पतालले सरकारबाट पाउने सय बढी थरीका औषधिमध्ये पनि अहिले धेरै कमी रहेको निमित्त मेसु डा अनिल यादवले बताए । उनले स्वास्थ्य बीमाका लागि दैनिक २५ जना आउने गरेकामा औषधि अभाव भएपछि बिरामीको सङ्ख्या घटेको बताए। पोखरिया अस्पतालमा पनि औषधिको ठेक्का नलाग्दा अहिले समस्या भएको हो । नगरपालिकाले औषधिका लागि विनियोजन गरेको रकमबाट अस्पताललाई उपलब्ध गराउनुपर्ने औषधि खरीद गरेर नपठाएको कारण त्यहाँ औषधि अभाव भएको हो ।

# २९७ जना किशोरीलाई पढाइ र व्यवसायमा आसमानको सहयोग

प्रस, वीरगंज, ७ कात्तिक/

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोगमा आसमान




नेपालले पर्सा जिल्लाका दुई पालिकाका २९७ जना किशोरीलाई पढाइ तथा व्यवसायमा सहयोग गरेको छ ।

आसमान नेपालले पर्सा जिल्लाको ठोरी र जीराभवानी गाउँपालिकामा बालिकालाई पछाडि नपारौं, परियोजना सञ्चालनमा ल्याएको थियो । यो परियोजना अन्तर्गत जीराभवानी गापामा २४१ जना किशोरीलाई आसमान नेपालले सिकाइ केन्द्र खोलेर नौ महीना ट्युशन गराएको थियो । २४१ मध्ये १८ जना ड्रप आउट भएका र २२३ जनामध्ये १० देखि १४ वर्ष उमेरका ८७ जना र १५-१८ वर्ष उमेरका ५२ जनालाई विद्यालय भर्ना गराएको थियो ।

१५-१८ उमेर समूहका किशोरीहरूलाई व्यवसायतर्फ उन्मुख गराउने उद्देश्य रहे पनि यो समूहमा परेका १३६ मध्ये ५२ जना विद्यालय भर्ना भएका आसमान नेपालका पालिका संयोजक धर्मेन्द्र चौरसियाले बताए। विद्यालय भर्ना भएका ५२ जना र बाँकी ८४ जनालाई व्यवसाय गर्नको लागि पनि सहयोग गरिएको उनले जानकारी गराएका छन्।

गाईभैंसी खरीदका लागि चारजनालाई १० हजारको दरले रकम उपलब्ध गराएको, एक/एक जनालाई सिलाइ मेशीन, कुखुरापालन, ब्युटिपार्लर, माछापालन, मासुपसल, १३ जनालाई

(बाँकी अन्तिम पातामा)

# सोनार हत्याकाण्डका मुख्य अभियुक्त पक्राउ

प्रस, वीरगंज, ७ कात्तिक/

वीरगंज महानगर-३ प्रगतिनगर निवासी वीरेन्द्र साह सोनारको हत्या सम्बन्धमा बारा प्रहरीले पर्सा प्रहरीको सहयोगमा बुधवार मुख्य अभियुक्त विजयप्रसाद कलवारलाई पक्राउ गरेको छ।

बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले पर्सा प्रहरीको सहयोगमा बुधवार बिहान इनर्वाबाट कलवारलाई पक्राउ गरिएको बताए । कलवार भारत, रक्सौल घर भई हाल बहुदरमाई नगरपालिकामा बस्दै आएका छन् । वीरेन्द्र साह सोनारको हत्या सम्बन्धमा कलवार मुख्य आरोपी भएको बारा प्रहरीको दाबी छ।

कलवार सोनारको घरमा तीन वर्षदेखि डेरामा बस्दै आएका थिए । मार्बल, टायलको काम गर्ने कलवार र सोनारकी पत्नीबीच प्रेमसम्बन्ध स्थापित भएको र सोही क्रममा पत्नी मनीषा र कलवार मिलेर सोनारको हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । सोनारको शव कात्तिक १ गते बारा जिल्ला, प्रसौनी गाउँपालिका-३ त्रिवेणी पुलनजीकै गण्डक नहर किनारमा फेला परेको थियो। सोनार विजयसँगै असोज २७ गते दिउँसो बाराको मुसहर्वामा मेला हेर्न गएका र त्यसपछि फर्केका थिएनन्। विजय भने राति नै घर फर्केका थिए ।

मृतक सोनारकी पत्नी मनीषा सोनारलाई बारा प्रहरीले यस अघि नै पक्राउ गरी अनुसन्धान जारी राखेको छ। यस घटनामा अझै एकजना अभियुक्त फरार रहेको बारा प्रहरीले जनाएको छ।

# एक युवा पाँच बिरुवा अभियान




प्रस, परवानीपुर, ७ कात्तिक/

युवा सङ्घ नेपालले ‘एक युवा, पाँच बिरुवा’ नाराका साथ परवानीपुर गाउँपालिकामा वृक्षारोपण अभियान शुरू गरेको छ ।

तीन दिनसम्म चल्ने अभियानको पहिलो दिन बुधवार युवा सङ्घ नेपाल परवानीपुर गापा कमिटीले वडा नं २ मुसहरीका दुई स्थानमा वृक्षारोपण गरेको छ । नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको परिसर र मुसहरीदेखि परवानीपुर बजार पुग्ने सडकको छेउमा वृक्षारोपण गरिएको सचिव इन्जिनीयर मोबिन आलमले जानकारी दिए। आँप, साल, नीम, टिकलगायतका २५० वटा बिरुवा रोपिएको उनले जानकारी गराए ।

युवा सङ्घ नेपाल परवानीपुर कमिटीका अध्यक्ष रामबाबू चौहानको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सचिवालय सदस्य गजेन्द्र पटेल, केन्द्रीय सदस्य राम यादव, वडाध्यक्ष देवा अन्सारी, एमाले जिल्ला कमिटी सदस्य जगदीश राम, समाजसेवी बिन्दु साह, सलद्दीन मियाँ, राजेश्वर ठाकुर, प्रभु यादवलगायतको सहभागिता थियो ।

# दुईवटा बिरयानी पसललाई जरिवाना




प्रस, वीरगंज, ७ कात्तिक/

खाद्य प्रविधि गुण नियन्त्रण डिभिजन कार्यालय वीरगंजले बुधवार वीरगंजका बिरयानी पसलहरूमा अनुगमन गरी दुईवटा बिरयानी पसललाई जरिवाना गराएको छ ।

अनुगमनको क्रममा आज वीरगंज महानगरमा रहेका साम मुरादावादी बिरयानी, ताज बिरयानी, जायका बिरयानी र लजिज बिरयानी गरी चारवटा बिरयानी होटलमा अनुगमन गरिएको होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तले बताए । अनुगमनको क्रममा जायका र ताज बिरयानीलाई १०/१० हजार जरिवाना गरी सुधारको लागि निर्देशन दिइएको उनले बताए ।

सो क्रममा म्याद गुज्रिएका र अखाद्य वस्तुहरू सरोकारवालाहरूको रोहबरमा नष्ट गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, वीरगंजका

(बाँकी अन्तिम पातामा)

### विचारसार एवं सूक्तिहरू

**बोल्नुअघि तिम्रा शब्दले तीनवटा द्वार पार गर्नुपर्छ– पहिलो द्वारमा आफूलाई सोध–'के यो सत्य हो', दोस्रो द्वारमा 'के यो जरुरी छ' र तेस्रोमा 'के यो सहानुभूतिपूर्ण छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# सडक मानव र परिवारजन

**गाँस, बास र कपास मानिसका न्यूनतम आधारभूत आवश्यकता हुन्। यसमा शिक्षा, स्वास्थ्य र सुरक्षासमेतलाई जोड्ने हो भने आधारभूत आवश्यकता भन्न सकिन्छ। नागरिकको आधारभूत आवश्यकता पूरा गर्ने जिम्मेवारी राज्यको हो। राज्य कङ्गाल छ र राज्यको तर्फबाट नागरिकको आधारभूत आवश्यकता पूरा गर्न सक्ने अवस्था छैन भने दायित्व बाँडफाँड गरेर भएपनि प्रबन्ध मिलाउने काम राज्यको हो। आवश्यकता पूरा गर्ने केही दायित्व राज्यमाथि, केही नागरिकको व्यक्तिगत प्रयास र केही भने उसको समाज तथा परिवारको तर्फबाट पूरा गरिनुपर्छ। यसको निम्ति दायित्व बाँडफाँडको बाध्यकारी कानूनी व्यवस्था हुनुपर्छ। बाध्यकारी व्यवस्था रहे मात्रै त्यसलाई प्रत्याभूति गरेको मान्न सकिन्छ। बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्तको संरक्षण गर्ने जिम्मेवारी राज्य, समाज तथा परिवारको हो। उनीहरूलाई व्यक्तिगत दायित्व थोपर्न मिल्दैन। हाम्रो मुलुकमा राज्य जिम्मेवार छैन। समाज र परिवार झन् गैरजिम्मेवार छ। यही कारण धेरै मानिस सडक मानव बन्न बाध्य छन्।**

**जसको सडकबाहेक कोही सहारा छैन, ऊ सडक मानव हो। होश, हवाश, हातखुट्टा सही, सलामत अवस्थामा रहेका व्यक्ति पनि सडकमा आइपुग्छन्। सद्दे मानिस सडकमा आइपुग्नुमा कतिपय व्यक्तिको आफ्नै कारण छन् भने कतिपय अरूको कारण वा परिबन्धले गर्दा सडकमा पुग्छन्। विकसित मुलुकमा पनि 'घरविहीन मानव' छन्। त्यहाँ गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य एवं सुरक्षामा राज्यको पूर्णरूपमा प्रत्याभूति भएपनि केही कारणहरू छन्, जसलाई राज्यले संरक्षण गर्दैन। कुलत वा कानूनविपरीत क्रियाकलापमा लागेर घरबार, रोजगार गुमाएका वा राज्यको विश्वास गुमाइसकेका व्यक्तिलाई रोजगार दिन तथा आधारभूत आवश्यकता पुरा गर्न राज्य बाध्य हुँदैन। शरीर स्वस्थ छ, हातमा शैक्षिक प्रमाणपत्र पनि छ तर गैरजिम्मेवार, जवाफदेहिताविहीन हर्कत गरेका वा गैरकानूनी क्रियाकलापमा संलग्न रही राज्यको विश्वास गुमाएका व्यक्ति अन्तत: घरवारविहीन भई सडकमा पुग्छन्। सडक मानव कुनै स्थायी निवास, पारिवारिक समर्थन वा आर्थिक सुरक्षाविना बाँचिरहेका हुन्छन्। यसबाहेक सडकमा पुग्ने अन्य पनि धेरै कारण छन्।**

**मानसिक सन्तुलन गुमाएर आफैंलाई बिर्सिएकाहरू ठूलो सङ्ख्यामा सडकमा छन्। आफन्तजनको तिक्तता, तिरस्कारबाट वैरागिएका र धकेलिएकाहरू सडकमा पुगेका हुन्छन्। अत: सामाजिक संरचना, शिक्षा र अवसरको कमी, आर्थिक अभाव, पारिवारिक विच्छेदलगायतका कारण मानिस सडकमा पुग्ने भए तापनि हाम्रो मुलुकमा भने मुख्यत: दुई कारणले मानिस सडकमा पुगेका छन्। मानसिक अवस्था र परिवारिक तिरस्कारले। कतैकतै यी दुवैको फ्युजन पनि देखिन्छ। मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेशनले हाल सञ्चालन गरिरहेको मेची–महाकाली राष्ट्रिय उद्धार यात्राको स्थलगत रिपोर्ट अनुसार ६० प्रतिशत सडक मानवमा मानसिक समस्या देखिएको छ। समाज तथा परिवारले सानो प्रयास गरेको भए उनीहरू सडकमा [redacted] सडकमा छ, ऊ किन सडकमा [redacted] कानून बन्नुपर्छ। हरेक परिवारजनलाई [redacted]वस्था हुनुपर्छ। सरकारको तर्फबाट [redacted] कानूनी बन्धन हुनैपर्छ। सडकमा [redacted] मानसिकता परिवारजनमा देखिन [redacted]माजको दायित्व के त ?**

# सूचनाको विस्तारमा सामाजिक सञ्जालको पहुँच

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**साथीभाइमा सबैभन्दा बूढो हुनुको मुख्य लक्षण सामाजिक सञ्जाल चलाउन जान्दैन भन्ने होइन, अहिलेसम्म हेर्न भ्याएको छैन भन्ने आधारमा हुन थालेको छ। समग्रमा सामाजिक सञ्जालले विश्वमा सूचनाको विस्तारमा एउटा विशिष्ट महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने साधन वा माध्यमको काम गरिरहेको छ।**

अहिले सामाजिक सञ्जालमा सबैभन्दा व्यस्त हुने वर्ग चाहिं निम्न हो। निम्नवर्गका नवयुवाको हातमा एन्ड्रोइड मोबाइल पुगेको छ र मोबाइलमा अहिले धेरै थोक छ। मोबाइलले नै रेडियो, टेलिभिजन, क्यामरा तथा घडीको काम गरिरहेको छ। यति भएपछि हेर्न तथा सुन्नलाई धेरै थोक पुग्छ। क्यामराले फोटो खिच्ने र भिडियो बनाउने काम पनि गरिरहेको हुनाले युवाहरूलाई व्यस्त बनाएको हो। नवयुवाहरूमा भिडियो हेर्ने तथा भिडियो बनाउने लहर चलेको छ। सबैभन्दा बढी पाखुरा चलेको क्षेत्र यही हो। भिडियो बनायो, सामाजिक सञ्जालमा हाल्यो र लाइक तथा कमेन्टको खोजीमा बस्यो। जति धेरै लाइक र कमेन्ट आयो, आफू त्यत्ति धेरै लोकप्रिय भएको उच्च मनोविज्ञान बनायो। यही मनोविज्ञानले रोजगारको क्षेत्रमा दक्ष हुनबाट धेरैलाई रोकेको छ। साथै यस्ता धेरै नवयुवा छन्, जो मोबाइलमा गेम खेलेर बस्छन्। मोबाइलमा गेम खेलेर विभिन्न लेभल पुगेको भन्छन्। मोबाइलमा चलिरहेको विभिन्न गेमले नवयुवाहरूलाई आफ्नो जीवनको अमूल्य समय सित्तैमा खेर गइरहेको भन्नेतर्फ सोच्न पनि दिइरहेको छैन। अहिले पछिल्लो चरणमा सामाजिक सञ्जालमा नै यससम्बन्धी अनेक चेतनामूलक सन्देशहरू आइरहेका भएपनि नवयुवाहरूमा यस किसिमको सकारात्मक सूचना हेर्ने वा सुन्ने त फुर्सद भने नरहेको देखिन्छ। आफूहरूको समय र श्रम दुवै खेर गइरहेको कुरातर्फ युवाहरूको चिन्तन जान नसक्नु यही सामाजिक सञ्जालको कारणले पनि हो।

साँच्चिकै सामाजिक सञ्जालले के चाहिं छोडेको छ र ? कुन चाहिं क्षेत्रमा सामाजिक सञ्जालले सूचना दिएको नहोला। सामाजिक सञ्जाल खोल्ना साथ आफ्नो रुचि अनुसारको भिडियो सिफारिश गरेको हुन्छ। भिडियोलाई जति हेर्दा पनि कहिल्यै सकिंदैन। फेरि पनि रुचि अनुसारको भिडियोले मानिसलाई धेरै कुरो सिकाउने पनि हुन्छ। एकजनाले गुनासो गर्दै थिए– मेरो मोबाइलको रिल तथा अन्य भिडियोहरूमा खाली गीत र नृत्य आइरहन्छन्, म हेर्दाहेर्दा हैरान छु। त्यहीं बसेका अर्कोले आफ्नो मोबाइल अगाडि बढाउँदै भने– मेरो मोबाइलमा कुनै पनि गीत र नृत्य आउँदैन, के गर्ने होला ? पहिलोलाई पत्यार लागेन अनि उनको मोबाइल लिएर हेर्न थाले। मोबाइलमा आएका भिडियो तथा रिलहरू जति सबै आयुर्वेद, विज्ञान र खगोल तथा कमेडीसम्बन्धी मात्र थिए। दुवैजनाले एकअर्काको कुरो बुझे। यत्ति हो, यसमा जो जसरी जे हेर्न मन पराउँछ, आउने वा सिफारिश गर्ने त्यहीं नै हो। अर्थात् यसमा ज्ञान र मनोरञ्जन दुवै छन्, बिगार्ने र सपार्ने दुवै सामग्री छन्। यसलाई उपयोग गर्ने कि दुरुपयोग गर्ने भन्ने कुरा आफैंमा निर्भर रहन्छ। मानिस हेर्नलाई लालायित छ कि मोबाइल देखाउनलाई लालायित छ भन्ने प्रश्नको उत्तर कतै खोजेर पाइन्न। मोबाइल हेरेर बिरामी पर्ने कि मोबाइल हेरेर औषधिको कुरा जानी रोगबाट निरोग हुने भन्ने कुरा पनि आफ्नै दृष्टि र दृष्टिकोणमा निर्भर रहन्छ। यद्यपि निम्न वर्गले भने मोबाइललाई अहिलेसम्म केवल मनोरञ्जनको साधनको रूपमा प्रयोग गरिरहेको छ। यसले धेरै युवालाई बरालिदिएको तथ्य हाम्रो सामाजिक यथार्थ पनि हो।

पहिले गाउँघरमा प्राय: १०–१५ घरको बीचमा एक ठाउँमा जम्मा भएर साँझ तथा बिहान मानिसहरूले सूचना आदानप्रदान गर्थे। तर आजभोलि हरेक मानिसको मोबाइलमा आफ्नो समूह रहेको छ र यसै समूहले सूचना आदानप्रदान गरेर सबैलाई सजिलो बनाइदिएको छ। पहिलेको जस्तो एकै ठाउँको हुनुपर्ने बाध्यता चाहिं हटेको छ। अहिले भौगोलिक दूरीको सीमा पनि छैन र मन लागे जतिलाई समूहमा राख्न सकिने छुट पनि रहेको छ। आरामले सबैजना मिलेर गफ गर्न पाउँछन्। अनि कुनै पनि देशबाट भेट हुन सक्ने अवस्था रहेको छ। सम्भवत: यसभन्दा अगाडि पृथ्वीका बासिन्दालाई यस किसिमको सुविधा रहेको थिएन। यो गज्जबको सुविधाले पहिलेको चिठीपत्रलाई पूर्णत: खाइदिएको छ। पहिले धेरै समय लाग्ने गर्थ्यो तर अहिले जतिखेर पठाउन मन लागे, उतिखेरै र जहाँ पठाउन मन लागे त्यहीं नै सूचना पठाउन सकिने पनि साधन भइसकेको सामाजिक सञ्जाल। सामाजिक सञ्जालमा सबैका लागि तथा कोही एकजनालाई पनि सूचना दिन सकिन्छ। कति सजिलो भएको छ भने लेखेर पनि कुराकानी गर्न सकिन्छ। जसरी एकजनाले आफ्नो साथीको कुरा बुझ्छ, त्यसरी नै एकजनाले आफूले आफ्नो साथीलाई मात्र बुझाउने गरी पनि संवाद गर्न सकिन्छ। यस किसिमको सुविधाले मानिसलाई सचेत बनाएको छ। मानिस सूचित हुन्छ र जानकार बन्छ। सूचनाको क्षेत्रमा एउटा विशाल क्रान्ति आइसकेको छ।

सामाजिक सञ्जालमा एकजनाले एउटा सूचना राख्यो। उसले राखेको सूचना एउटा प्रतियोगितासम्बन्धी थियो। प्रतियोगिताको सूचनामा एउटा मोबाइल नम्बर पनि दिइएको थियो, सम्पर्कको लागि। सूचनालाई धेरैले लाइक, कमेन्ट वा शेयर गरेनन्। सोझो बुझाइमा प्रतियोगिता असफल होला जस्तो थियो तर वास्तविकता चाहिं अर्कै रहेछ। प्रतियोगिताको लागि सामाजिक सञ्जालमा पढेको भन्दै त्यस विषयमा सोध्ने मानिसहरू धेरै भए, सोचाइभन्दा पनि निकै धेरै। जब धेरै सूचना तथा जानकारीहरू लिएपछि प्रतियोगितामा सहभागी पनि बढ्नु स्वाभाविक हो। प्रतियोगितामा सहभागी धेरै नै भए। आयोजकलाई यस्तो लाग्यो कि सूचना धेरैले हेरे, डाउनलोड गरे र त्यसलाई नै अरू साथी तथा शुभचिन्तकहरूलाई पुऱ्याए। यसरी सूचनाको धेरै सञ्चार भएको अनुमान गरे। हैन भने सूचनालाई हेरेको अरूले थाहा नपाउने गरी नै हो भने पनि हुन्छ। सूचनालाई पढेर, त्यसैलाई आधार मानेर कार्यरूपमा गएपछि सूचनाको प्रभावकारिताको महत्त्व थाहा हुन्छ। सामाजिक सञ्जाल आफैंमा एउटा शक्तिशाली सम्पर्क र सूचना तथा सञ्चारको माध्यम भइसकेको छ। सूचना दिने तथा सूचना लिने मात्र नभई आफ्नो मनमा उठेका भाव र भावनालाई पनि यहाँ पोख्न सकिन्छ। कतिपयलाई काम लाग्ने हुन्छ र कतिपयले चाहिं हेर्दा पनि हेर्दैनन्। कति मज्जाको सुविधा रहेको छ, यो सूचना सञ्जाल भने मन लागेको हेर्ने तथा मन नलागेको 'इग्नोर' पनि गर्न पाइने। मन लागे बारम्बार हेर्न पाइने, मन लागे जसले सूचना हालेको हो, तिनको बारेमा पनि जानकारी लिन सकिने यो गज्जबको प्रयोग भएको छ। यसैले आजभोलि धेरै मानिस यसैमा झुन्डिइरहन मन पराउँछन्। कतिपय मानिस सामाजिक सञ्जालमा राखिएको सूचनाकै आधारमा आफूलाई क्रियाशील पनि बनाउँछन्।

कुनै एक देशबाट आएको सूचना, कुनै एक भाषाबाट आएको सूचना, कुनै एक विद्वान्‌बाट आएको जानकारीलाई विभिन्न देश, भाषा तथा सर्वसाधारणसम्म पुग्न र पुगिरहन सघाउने सामाजिक सञ्जालले मानिसलाई दिएको व्यस्ततामध्ये कति प्रतिशत चाहिं प्रभावकारी वा सार्थक व्यस्तता होला ? माथि नै आइसकेको छ, निरर्थक व्यस्त हुने चाहिं निम्नवर्गका नवयुवा हुन् भने मध्यमवर्गका युवाहरूमा पनि यो प्रवृत्ति अत्यन्त हाबी छ। यद्यपि यो सामाजिक सञ्जालको प्रभावकारितामाथि प्रश्न होइन। यदि वर्तमान परिवेशमा मोबाइलबाट सामाजिक सञ्जाललाई अलप गरिदिने हो भने कस्तो अवस्था आउला ? नवयुवाहरूको मन केवल क्रिकेटले भरिएला ? समाजमा एउटा भयङ्कर ठूलो रिक्तताबोध हुन सक्ने निश्चित छ। अनि हरेक वर्षलाई नसके बढीमा आधा दशक अर्थात् पाँच वर्षलाई एउटा आधार मानेर विचार गरौं त, सामाजिक सञ्जालप्रतिको सकारात्मक निर्भरता अर्थात् सामाजिक सञ्जालमा सर्वसाधारणले पाउने, राख्ने तथा आदानप्रदान गर्ने सूचनाको विस्तार भएको छ कि छैन ? भएको देखिन्छ कि देखिंदैन। यदि पछिल्लो पाँच वर्षलाई विमर्श गर्ने हो भने सबैभन्दा शक्तिशाली सूचना विमर्शको केन्द्र यही सामाजिक सञ्जाल भएको देख्न पाइन्छ, सजिलै अनुभव गर्न सकिन्छ। पछिल्लो पाँच वर्षलाई अब आउने पाँच वर्षसित तुलना गर्ने हो भने अबको पाँच वर्षपछि अझ विस्तार भएको पाउने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न किनभने यसमाथिको निर्भरता बढ्ने क्रम जारी छ। अब सार्वजनिक गर्न मिल्ने सबै आधिकारिक सूचना सामाजिक सञ्जालमा भाइरल गरेर, गराएर सम्भव भएसम्म धेरैलाई जनाउने वा सम्बन्धितसम्म पुऱ्याउने काम पनि भइरहेको देख्न र बुझ्न सकिन्छ। अहिलेको यो सामाजिक तथा व्यावहारिक बाध्यता पनि हो।

सामाजिक सञ्जालले मानमनितादेखि भोजको निम्तोसम्म दिने र स्वीकार गर्ने काम गरिरहेको छ। यो आफैंमा साक्षी पनि अनि प्रमाण पनि बन्न सफल भइरहेको छ। आजभोलि जो सामाजिक सञ्जालमा अभ्यस्त छैन, उसले आफूलाई धेरै कुरामा पछि पाउँछ। साथीभाइमा सबैभन्दा बूढो हुनुको मुख्य लक्षण सामाजिक सञ्जाल चलाउन जान्दैन भन्ने होइन, अहिलेसम्म हेर्न भ्याएको छैन भन्ने आधारमा हुन थालेको छ। समग्रमा सामाजिक सञ्जालले विश्वमा सूचनाको विस्तारमा एउटा विशिष्ट महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने साधन वा माध्यमको काम गरिरहेको छ। यस कुरालाई करीब सबैले स्वीकार गरिसकेको अवस्था पनि हो।

# सुस्ताको सास्ती

प्रगति ढकाल
नवलपरासी, ७ कात्तिक/रासस

"हमहनके नेपाली हइन, लेकिन हमनके नागरिकता नहीं बा। नहीं हमनके लालपुर्जा बा। नागरिकता लेके हमनके मरेके मन बा लेकिन खै काहुई कौनो पता नही बा" अर्थात् "हामी नेपाली भएपनि नागरिकता छैन। अनि लालपुर्जा पनि। नागरिकता लिएर मर्न मन छ। के हुन्छ खै हेरौं," यो गुनासो हो, पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका–५ सुस्ता गाउँका स्थानीय इन्द्रजीत लोनियाको। उमेरले पनि ७० वर्ष नाघिसक्यो। नागरिकता कुर्दाकुर्दै उमेर पनि ढल्किसक्यो।

अझै पनि पाइन्छ कि भन्ने आशा मरेको छैन उनको। उनीसँग लालपुर्जा पनि छैन। यसले पनि उनलाई पिरोलिरहन्छ। "लालपुर्जा र नागरिकता पाए त मर्ने बेलामा पनि शान्तिले सास जान्थ्यो कि," उनी भन्छन्।

जीवन कष्टकरमैं बितेको उनी सुनाउँछन्। भन्नेबित्तिकै सीमा कटेर भारत आवतजावत गर्न सहज त्यति नहुने र नेपाल जोड्ने पुलसमेत नहुँदा निकै सास्ती भोग्नुपरेको उनको गुनासो छ। "यहाँ वर्षौंदेखि बिजुली थिएन, अन्धकारमा नै बित्यो, अहिले त हाम्रो बस्ती झलमल भएको छ," केही खुशीको भावमा उनी भन्छन्, "अहिले त सुस्तामा पुल पनि बनिसक्यो, अब केही हुन्छ कि ?"

यस अघि नवलपरासी (पश्चिम) स्थित नारायणी नदीमा गाउँ पुल थिएन। सुस्तामा पुल नहुँदा ज्यानै जोखिममा राखेर डुङ्गामा वारपार गर्नुपर्दा गुजारा गर्न नै गाह्रो हुने गरेको अनुभव सुनाउँछन्, सुस्ताकै मराक्षीदेवी लोनिया। "यहाँ हामी उखु रोप्थ्यौं तर बिक्दैनथ्यो। डुङ्गाबाट वारपार गर्दा लड्ने डर हुन्थ्यो, भारतले पनि हाम्रो उखु किन्दैनथ्यो," उनी भन्छिन्, "धेरै गाह्रो भएको थियो। बल्ल पुल बन्यो, अब त पहिला जस्तो सास्ती नहोला।" केही वर्ष पहिले डुङ्गा पल्टेरै उनको देवरको ज्यानै गएको थियो। त्यसपछि डुङ्गामा नदी वारपार गर्न उनलाई सधैं डर लाग्ने गर्छ। "त्यसपछि म त पारि नेपालसम्म नै जान डर मान्थें। केही पऱ्यो भने भारत जाने हो," उनी भन्छिन्, "अब त पुल बनेको छ, पुल तरेर पारि नेपाल जानेछौं।" मनभरि नेपालको माया छ तर नेपाली भन्ने प्रमाण छैन, उनीसँग। पुल बनेपछि खुशीले गद्गद् भएकी लोनियालाई अब नागरिकता पाए हुन्थ्यो भन्ने लाग्छ।

गत असोज १० गते राष्ट्रपति रामचन्द्र पौडेल सुस्ता पुगी झोलुङ्गे पुलको उद्घाटन गरिरहँदा सुस्तावासीले आफ्नो वर्षौंदेखिको सपना पूरा भएको अनुभव गरिरहेका थिए। अब आफूहरूले नागरिकताको विषयमा भोग्नुपरेको सास्तीको विषयमा राष्ट्रपतिले केही बोल्दिए हुन्थ्यो भन्ने आशा बोकेर कार्यक्रमस्थल आइपुगेकी थिइन्, लोनिया। कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले भने, "ढुक्क हुनुस्, तपाईंहरूलाई नागरिकता र लालपुर्जा दुवै दिन्छौं।" उपस्थित सर्वसाधारणहरूबाट खुशीले गडगडाहटरूपमा बेस्सरी ताली बजेको थियो।

लोनियालाई नेपाली भाषा बोल्न आउँदैन। बुझ्न पनि बुझ्दिनन्। भन्छिन्, "हमरा सरकार काकहत बानी, हमके सम्झादेई।" अर्थात् "हाम्रो सरकारले के भन्नुभएको हो ? मलाई बुझाइदिनुस् त," छेउमैं बसेका इन्द्रजीत लोनियासँग सोध्छिन् उनी। जवाफमा इन्द्रजीत भन्छन्, "नागरिकता देहेके कहत बानी।" अर्थात् "नागरिकता दिन्छु भन्नुहुन्छ।"

अनि मुसुक्क मुस्कुराउँछिन् लोनिया। सायद वर्षौंदेखि नपाएको नागरिकता अब पाइन्छ कि भन्ने विश्वासले होला। उनी भन्छिन्, "हमार सरकार हमनके यहाँ आइलबानिजा। हमनके बहुत खुशी बानिजा। हमनके लिए बहुत अच्छा काम कइलिजा। विद्युत् भि ल्यान देहनी जा। पुल भी बना देहनी जा। हमनके बहुत खुशी बानिजा। हमनके लिए नागरिकता और लालपुर्जा मिल्जातते और खुशी होतिजा।" अर्थात् "हाम्रो सरकार पनि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# जुनसुकै कालखण्डमा भएका पनि भ्रष्टाचारीमाथि कारबाई हुन्छ -प्रधानमन्त्री

काठमाडौं, ७ कात्तिक/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले जुनसुकै कालखण्डमा भएका भएपनि



भ्रष्टाचारीमाथि कारबाई हुने स्पष्ट गरेका छन् । सरकारको सय दिनको उलपब्धि सार्वजनिक गर्दै उनले सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम अपचलन र ठगी गर्नेहरूमाथि सरकारले कानूनी कारबाई शुरू गरेको बताए ।

“हालसम्म छ सयभन्दा माथिलाई कानूनी कारबाई गरिएको छ, ५७५ भन्दा बढी त जेलमैं छन्,” प्रधानमन्त्री ओलीले भने, “सहकारी ठगहरूलाई कारबाई गर्ने मात्र होइन, बचतकर्ताको बचत फिर्ता गर्नका लागि आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधीकरण स्थापना गर्ने काम पनि सँगसँगै अघि बढाइँदैछ ।”

उनले भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र ‘सुटिङ’ गरेर देखाउने विषय बन्न नहुने भएकाले यसले सुशासनको प्रणालीका रूपमा गति लिनुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको उल्लेख गरे ।

“भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामरालाई होइन, कानूनलाई गुरु मानेको छ । ‘भ्रष्टाचारी समातियो’ भन्ने केही समय हल्ला मच्चिने, तर परिणाममा भ्रष्टाचार बढ्दै जाने खालको अवस्था होइन, परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानूनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने हाम्रो प्राथमिकता छ,” उनले भने, “भ्रष्टाचारका कसूरमा फस्ने त्रास र त्यसबाट उम्किने आकाङ्क्षा, भ्रष्ट र भ्रष्टाचारका मतियार जोगाउने उद्देश्यका साथ देशमा अस्थिरता र अराजकता फैलाउन खोज्ने तत्त्वहरू सक्रिय रहेको हामीले देखिरहेका छौं ।”

**‘सङ्कटग्रस्त क्षेत्रका ७१ स्थानीय तहमा ४३ करोड विनियोजन गरिएको छ’**

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्कटग्रस्त क्षेत्रका ७१ स्थानीय तहमा रु ४३ करोड विनियोजन गरिएको जानकारी दिएका छन् । वर्तमान सरकारको एक सय दिनको उपलब्धि आज सार्वजनिक गर्दै उनले विपद्बाट प्रभावित परिवारलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको बताएका छन् ।

“वर्तमान सरकार बनेको केही दिन अघि सिमलतालस्थित त्रिशूली नदीमा बस खस्दा तीर्थयात्री बेपत्ता भएको दुःखद घटनाबाट शोकमा थियौं । त्यसको केही दिनपछि सौर्य विमान दुर्घटना, नुवाकोटमा हेलिकप्टर दुर्घटना र भारतीय पर्यटक बस दुर्घटना भयो,” प्रधानमन्त्री ओलीले भने, “मुलुक गत असोज १० देखि १३ गतेसम्म अकल्पनीय बाढी पहिरोको चपेटामा पऱ्यो । यसै अवधिमा देशभर सात हजार १३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटना भए । प्राकृतिक विपत्तिले धनजनको ठूलो क्षति गऱ्यो । कृषिबाली, पशुचौपाया एवं सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युतलगायत भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो ।”

पीडित परिवारको राहत, घाइतेको उद्धार र निश्शुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनर्स्थापनामा सरकार केन्द्रित भएको प्रधानमन्त्री ओलीको भनाइ थियो ।

“बाढी पहिरोका कारण मृत्यु भएका ३९१ जनाका परिवारले दुई लाखका दरले राहत रकम पाएका छन् । बाढी पहिरोबाट प्रभावित दुई हजार ५५५ परिवारलाई रु चार करोड ५० लाख तत्काल प्रदान गरिएको छ,” प्रधानमन्त्री ओलीले भने, “प्रारम्भिक क्षतिको आकलन गरी अस्थायी बासस्थानको प्रबन्ध गर्ने कामलाई प्राथमिकतामा राख्यौं । हामी अहिले बाढीपहिरोले क्षति पुऱ्याएका भौतिक संरचनाको निर्माणका कार्ययोजनासहित काम गरिरहेका छौं । सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका जिल्लाका खानेपानी, विद्युत्, सडक, सञ्चारलगायत अत्यावश्यक सेवा १५ दिनभित्र सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम उपलब्ध गराइसकेका छौं ।”

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढीपहिरोजस्ता मनसुनजन्य विपद्बाट भएका क्षतिजस्ता चुनौतीपूर्ण परिस्थितिलाई सरकारले कुशलतापूर्वक सम्हालेको बताएका छन् । वर्तमान सरकारको एक सय दिनको उपलब्धि आज सार्वजनिक गर्दै उनले सडक, पुलजस्ता भौतिक पूर्वाधारमा पुगेको क्षतिका कारण सवारीसाधन आवतजावतमा समस्या भएपनि सरकारको प्रयासमा समस्या समाधान भएको बताए ।

“ठाउँठाउँमा सडक भत्किएका थिए, सडक पहिरोले पुरिएका थिए र पुलहरू बाढीले बगाएका थिए, विपद्पछि नेपालीहरूको महान् पर्व बडादशैं आयो,” प्रधानमन्त्री ओलीले भने, “राजधानी आउने/जाने सबै बाटा बन्द थिए । प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो । पहिले त नागरिक डराएका थिए । सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने उनीहरूमा डर थियो ।”

सरकारले ती चुनौतीपूर्ण परिस्थितिलाई कुशलतापूर्वक सम्हाल्दै परिणामस्वरूप राजधानी आउने सडकहरू चालू अवस्थामा पुऱ्याएको प्रधानमन्त्री ओलीको भनाइ थियो । “अब बन्दै बन्दैन भनिएको बिपी राजमार्गमा तत्काल सवारीसाधन चल्न शुरू गरे,” उनले भने, “यस वषर्को दशैंमा पनि काठमाडौं छोडेर घर फर्कनेको सङ्ख्या अघिल्लो वर्ष जस्तै करीब आठ लाख १४ हजार पुग्यो । दशैंमा एक लाख ११ हजार सवारीसाधन काठमाडौं उपत्यकाबाट बाहिरिए ।”

**‘डिजिटल कनेक्टिभिटी’मा नयाँ युगको शुरूआत भएको छ**

प्रधानमन्त्री केपी शर्मा ओलीले दूरदराजका क्षेत्रमा सञ्चार सम्पर्क विस्तार गर्ने क्रममा डिजिटल कनेक्टिभिटीका क्षेत्रमा नयाँ युगको सुरुआत भएको बताएका छन् ।

वर्तमान सरकारको एक सय दिने कार्यसम्पादनका उपलब्धि सार्वजनिक गर्दै आज प्रधानमन्त्री ओलीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सम्पन्न गरेको ‘फाइबर टु दी होम’ (एफटिटिएच) सेवा विस्तार महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको उल्लेख गरे ।

“हुम्ला एकमात्र यस्तो जिल्ला थियो, जहाँ ‘एफटिटिएच’ सेवा अझै पुगेको थिएन । गत भदौदेखि यो सेवा सञ्चालनमा आएसँगै मुलुकका ७७ वटै जिल्लामा

(बाँकी पाँचौं पातामा)



**खेतमा परालको टौवाः** अछामको मङ्गलसेन नगरपालिका–३ छायातडामा किसानहरूले धान भित्र्याइसकेपछि खेतमा बनाएर राखेको परालको टौवा । तस्बिरः सुशील भण्डारी/रासस

# सत्तारूढ दलको बैठक : राष्ट्रिय मुद्दामा एक ढिक्का भएर प्रस्तुत हुने

काठमाडौं, ७ कात्तिक/रासस

सरकारलाई समर्थन गरिरहेका दबाब दिने गरी भइरहेका विरोध प्रदर्शन उचित नभएको गृहमन्त्री लेखकले बताए । रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने उनले बताए ।



तस्वीरः रासस

राजनीतिक दलहरूको बुधवारको बैठकमा सरकारको सय दिनको प्रगति, समसामयिक घटनाक्रम र राष्ट्रिय हित एवं मुद्दामा समान धारणामा साथ एक ढिक्का भएर अघि बढ्ने विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आज भएको बैठकमा लोकतान्त्रिक पद्धति, विधिको शासन र जनतामा सेवाप्रवाहका विषयमा सरकार स्पष्ट भई दृढताका साथ काम गरिरहेको अवगत गराइएको छ । बैठकमा गृहमन्त्री रमेश लेखकले सहकारी अनियमिततासम्बन्धी संसदीय छानबीन समितिले सर्वसम्मत तयार पारेको प्रतिवेदन कार्यान्वयनका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेलाई अदालतको स्वीकृति लिई पक्राउ गरिएको जानकारी गराए ।

फौजदारी घटनामा न्यायिक छानबीन भइरहेका बेला अदालत र सरकारलाई यस्ता घटनाका विषयमा सत्तामा रहेका दलहरूले आफ्नातर्फबाट वक्तव्य जारी गरी न्यायिक छानबीन र लोकतान्त्रिक पद्धतिलाई निष्पक्षरूपमा अगाडि बढाउन आग्रह गर्ने विषयमा समझदारी भएको उनले बताए ।

सरकारको हालसम्मको काम, आगामी योजनालगायत विषयमा यही कात्तिक ९ गते अर्को बैठक बस्ने तय भएको सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले जानकारी दिए । साथै साझा धारणा सार्वजनिक गर्ने पनि आजको बैठकबाट तय भएको उनले बताए ।

बैठकमा प्रधानमन्त्री ओलीले सत्ता समीकरणमा रहेका दलहरू एक ढिक्का भएर प्रस्तुत हुनुपर्नेमा जोड दिए । लोकतान्त्रिक पद्धति, मूल्य र मान्यताप्रति आफूहरू प्रतिबद्ध रहेको स्पष्ट गर्दै राष्ट्रिय सद्भाव र हितको

“हामी लोकतन्त्रका लागि लडेका हौं । हामीलाई लोकतन्त्र मात्रै स्वीकार्य छ । अराजकता र अवाञ्छित क्रियाकलाप स्वीकार्य छैन । जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन आजीवन लागेका छौं । हाम्रो यो प्रतिबद्धता र दृढतामा कुनै कमी आउँदैन । यसमा हामी स्पष्ट छौं,” प्रधानमन्त्री ओलीले भने ।

बैठकमा नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री लेखक, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव पोखरेल, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणुकुमारी यादव, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्त ठाकुर, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जीता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा सिके राउतलगायत सहभागी थिए ।



**माईधिया पोखरीः** वीरगंज महानगरपालिका-१६ बसपार्कनजीकै रहेको माइधिया पोखरी । संरक्षणको अभावमा कुरुप बन्दै गइरहेको पोखरीको छठ पर्व नजीकिएसँगै सरसफाइ शुरु भएको छ । तस्बिर : हिमाल लम्साल/रासस

# तीन महिनामा रु १२ करोड ६३ लाख राजस्व सङ्कलन

जनकपुरधाम (धनुषा), ७ कात्तिक/रासस

मधेस प्रदेश सरकार अन्तर्गत रहेको यातायात व्यवस्था कार्यालय धनुषा जनकपुरधामले चालू आर्थिक वर्षको तीन महीनामा रु १२ करोड ६३ लाख ७४ हजार राजस्व सङ्कलन गरेको छ ।

कार्यालयका प्रमुख धनञ्जयकुमार सिंहले चालू आवको साउनमा रु चार करोड ५५ लाख ६७ हजार आठ सय, भदौमा रु तीन करोड ९५ लाख दुई हजार ९९३ र असोजमा रु चार करोड १५ लाख ६५ हजार ८४६ राजस्व सङ्कलन भएको जानकारी दिए ।

कार्यालयले सवारी दर्ता, सवारीचालक अनुमतिपत्र नवीकरण र प्रतिलिपि, सवारी कर, ‘रूट परर्मिट’, पटके, आयकर तथा सडक सम्भारबापत सो राजस्व सङ्कलन गरेको उनले बताए ।

कार्यालयमा रहेको विवरण अनुसार गत असोज २१ गतेसम्ममा साना सवारीसाधन दर्ता एक हजार २१७, ठूला सवारीसाधन अन्तर्गत जीप तथा कार २२, ट्याक्टर २९, बस २१, मिनीट्रक सात, ईरिक्शा तथा टेम्पो भाडाका १६०, व्यक्तिगत ईरिक्शा १७३, एम्बुलेन्स एक र तथा डोजर पाँचवटा दर्ता भएका प्रमुख सिंहले जानकारी दिए ।

एक महीना अघि सरुवा भएर यहाँ आएका प्रमुख सिंहले सेवाग्राहीलाई छिटोछरितो कार्यसम्पादन गर्न कार्यालयको शाखामा आन्तरिक सुधारका प्रयास गरिएको बताए । कार्यालयले चालक अनुमतिपत्रलगायत विभिन्न शीर्षकबाट गत आर्थिक वर्ष २०८०/८१ मा रु ६३ करोड १५ लाख ३२ हजार राजस्व सङ्कलन गरेको थियो ।

मधेस प्रदेश सरकार अन्तर्गत मधेसका आठ जिल्लामा यातायात व्यवस्था कार्यालय सञ्चालनमा छन् । प्रदेशमा सङ्घीयता लागू हुनु अघि तीनवटा जिल्लामा मात्र यातायात व्यवस्था कार्यालय थियो ।

# स्वास्थ्य सेवामा सुधारको सन्देश

विचार



डा बच्चुकैलाश कैनी

**स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति तथा कार्यक्रम बनाउनु जरुरी हुन्छ। यस्ता नीति तथा कार्यक्रमहरू पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण विगतमा सरकारका नीति तथा कार्यक्रमहरू बीचैमा अलपत्र पर्ने गरेका छन्।**

स्वास्थ्य सेवा हरेक नागरिकको व्यक्तिगत, सामाजिक, आर्थिक र समग्र विकाससँग जोडिएको हुनाले आम जनताका लागि प्रत्यक्ष चासोको विषय हो। नागरिकका लागि स्वास्थ्य सेवा प्रदान गर्न बन्ने नीति, नियम, योजना र कार्यक्रमका बारेमा धेरै नै टिप्पणी पनि हुन्छ। सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रिया र टीका–टिप्पणीले पाठ सिकाउँछ र सुधार कार्यक्रमलाई सहीरूपमा कार्यान्वयन गर्न मदत गर्छ।

देशका हरेक कुनामा रहेका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र सुपथरूपमा प्रदान गर्नु हरेक सरकारको दायित्व हो। समग्र स्वास्थ्य सेवाको लागि अल्पकालीन र दीर्घकालीन रणनीति, योजना र कार्यक्रम बनाउने, आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने, सरकारी, निजी र गैरसरकारी सेवाप्रदायकहरूको नियमन र अनुगमन गर्ने र सबैको लागि सबै प्रकारका स्तरीय स्वास्थ्य सेवा देशभित्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पनि सरकारको मुख्य काम अन्तर्गत पर्छ। यसका साथै जनस्वास्थ्य प्रवर्द्धन र रोग रोकथाम गर्ने दायित्व पनि सरकारको हो।

जब नयाँ सरकार बन्छ र नयाँ स्वास्थ्यमन्त्रीको पदबहाली हुन्छ, तब स्वास्थ्य सेवामा गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले गर्ने सुधारका निकै लामो सूची सार्वजनिक हुन्छ। यस्ता सूचीहरू हतारमा तयार हुने र सम्बन्धित सबै पक्षसँग आवश्यक एवं पर्याप्त परामर्श र छलफल नहुने हुनाले स्वास्थ्य सेवा सुधारको लागि गर्नुपर्ने सबै कामका लागि कार्यदिशा, कार्ययोजना, स्रोत र साधनको व्यवस्था, आवश्यक रकमको विनियोजन, विभाग र विभागीय प्रमुखहरूको कार्यविभाजन आदि काम गर्दा निकै नै कमीकमजोरीहरू रहेको आभास हुन्छ। स्वास्थ्य सेवा सुधारका योजनाहरू अपूरो, अधूरो र कमजोर हुन्छन्। जब सुधार कार्यक्रमको सुरुआत नै अधूरो र कमजोर हुन्छ, त्यसको कार्यान्वयन र अन्तिम परिणाम पनि स्वाभाविकरूपमा अपूरो र कमजोर नै हुन्छ।

हरेक सुधारको पहिलो र महत्त्वपूर्ण शर्त सेवाप्रदायक निकाय, पेशाकर्मी र हरेक सरोकारवाला निकाय र व्यक्तिहरूलाई सुधारको कार्ययोजनामा सहभागी गराउनु हो। स्वाभाविक छ, स्वास्थ्य सेवा स्वास्थ्यकर्मीहरूले प्रदान गर्छन्। उनीहरूको संलग्नता, उत्साहपूर्ण सहभागिता र सहयोगविना कुनै पनि कार्यक्रम सफल हुँदैन र सुधार कार्यक्रमले अपेक्षित उद्देश्य पूरा हुन सक्दैन। त्यसैले कुनै दीर्घकालीन कार्यक्रम तय गर्नुपूर्व सम्बन्धित पक्ष, निकाय, व्यक्ति र सेवा प्रदान गर्ने पेशाकर्मीहरूसँग परामर्श गर्नु जरुरी हुन्छ। यसका लागि समय लाग्न सक्छ तर परामर्शका लागि लाग्ने समयले राम्रो र उचित प्रतिफल दिन्छ।

सरकारको एक सय दिनमा भएका मुख्य कामका सूची हेर्दा सङ्घीय तहमा सुधारका धेरै कामको सुरुआत भएको देख्न सकिन्छ। सुरुआतमैं घोषणा गरेको स्वास्थ्य बीमा पाँच लाख पुऱ्याउन सकिने विषय कार्यान्वयनमा जाने हो भने स्वास्थ्य सेवामा आम नागरिकको पहुँच वृद्धिका लागि महत्त्वपूर्ण प्रभाव पार्नेछ।

देशमा जटिल समस्याका रूपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्य मात्र होइन, सङ्घीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आम नागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुआत मान्न सकिन्छ। यही समयमा शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रले मुटु उपचार सेवा सातै प्रदेशमा विस्तार गर्नेगरी गरेको निर्णयले अर्को दूरगामी प्रभाव पार्नेछ। केही शहरमा मात्र सीमित विशेषज्ञ उपचार प्रदेशका केन्द्रमा रहेका सरकारी अस्पतालमा पुऱ्याउन सक्ने हो भने त्यसले देशको स्वास्थ्य क्षेत्रको रूपान्तरण र आम नागरिकको पहुँचका लागि महत्त्वपूर्ण कोसेढुङ्गाको काम गर्नेछ।

देशमा विपन्न भएकै कारण जलनमा परेर ज्यान गुमाउने र अङ्गभङ्ग हुने समस्या बढिरहेका बेला भएको निश्शुल्क उपचारको निर्णय पनि आम स्वास्थ्यमा पहुँच हुन नसक्नेका लागि महत्त्वपूर्ण निर्णय मान्न सकिन्छ।

देशमा चिकित्सकीय क्षेत्रमा एमबिबिएसमाथिका चिकित्सकका लागि अध्ययन गराउन सक्ने कोटा जम्मा वार्षिक ११३ छ। यसले बढ्दो स्वास्थ्य आवश्यकता पूरा गर्न सक्दैन। यस्तोमा चिकित्सक गोविन्द केसीसमेतले लामो समयदेखि उठाउँदै आएको विशेषज्ञ चिकित्सकको सङ्ख्या बढाउने माग सम्बोधन गर्नेगरी न्याम्समार्फत चार सय चिकित्सक अध्ययन गराउन सक्नेगरी शिक्षक दरबन्दी स्वीकृत गर्ने निर्णय देशमा अभाव भएको दक्ष चिकित्सकीय जनशक्ति स्वदेशमैं न्यून शुल्कमा अध्यापन गर्न निकै महत्त्वपूर्ण हुन सक्ने अपेक्षा स्वास्थ्य क्षेत्रका विज्ञहरूले गरेका छन्।

चिकित्सा शिक्षा महँगो भएको अवस्थामा उपत्यकाबाहिर सरकारी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत ५०/५० चिकित्सक अध्यापन शुरू गर्नुले चिकित्सक केसीले लामो समयदेखि उठाउँदै आएको अर्को प्रमुख माग सम्बोधन मात्र गरेको छैन, आर्थिक अभाव हुनेलाई स्वदेशमैं चिकित्सा अध्ययनका लागि निकै ठूलो अवसर दिलाएको छ। यसले ती संस्थामा अभाव भएको चिकित्सक समस्यालाई समेत विद्यार्थी चिकित्सकमार्फत भएपनि केही राहतसमेत दिने र आम नागरिकलाई स्वास्थ्य सेवामा समेत सहज हुने अपेक्षा गर्न सकिन्छ।

अस्पतालमा भीड व्यवस्थापनका लागि थालिएको अनलाइन प्रणालीले केही हदसम्म पहिलेभन्दा सुधार गरेको महसूस भएपनि यसको कुशल व्यवस्थापनमा अस्पतालका नेतृत्वकर्ता स्वास्थ्य जनशक्तिले केही बढी मेहनत गर्नुपर्ने देखिन्छ। आम नागरिकले लाइन अझै घटेको छैन भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका प्रतिक्रियाले उनीहरूमा यसप्रति आशा भएपनि नतीजा सोचेजस्तो नआएकामा असन्तोष देखिन्छ। त्यसलाई सम्बोधन गर्न धेरैले बुझ्न सक्नेगरी प्रणालीबारे प्रचारप्रसार अनि गुनासो सम्बोधनमा तदारूकता देखाउन जरुरी छ। निर्णय गरेर मात्र हुँदैन व्यावहारिक कार्यान्वयन मुख्य विषय हो।

सङ्घीय अस्पतालमा दुई सिफ्टमा ओपिडी सेवा शुरू, लामो समयदेखि सम्बोधन हुन नसकेको चिकित्सकहरूको समायोजनमा देखिएका समस्या सम्बोधन गर्न मन्त्रीले गरेका निर्णयले धेरै चिकित्सकलाई राहत दिएको महसूस गर्न सकिन्छ। तर यससँगै चिकित्सक अभाव पूर्ति गर्न अझ ठोस कदम स्वास्थ्यमन्त्रीले चाल्नुपर्ने आवश्यकता छ। यसका लागि अन्य मन्त्रालयसँग समेत समन्वय गरेर स्रोतको व्यवस्थापन गर्न लाग्नुपर्ने आवश्यकता देखिन्छ। वीर अस्पताल तथा देशमा हालसम्म व्यावहारिकरूपमा सञ्चालन हुन नसकेको श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई तीन सय शय्या निर्माणका लागि छिमेकी भारतसँग समझदारीको काम अघि बढ्नु वास्तवमैं महत्त्वपूर्ण छन्।

अस्पतालको स्तरोन्नति प्रस्तावलगायतका कार्य सङ्घीय अस्पताल केन्द्रित देखिन्छन्। केही नीतिगत र अन्य तहगत सुधारका कामहरू पनि छन्। अब यस्तै सुधारका कार्यक्रमहरू स्वास्थ्य क्षेत्रका हरेक तह, विषयगत क्षेत्र र सेवाप्रदायकहरूमा तत्काल तय गर्ने र सुधारको प्रत्याभूति हरेक जनताले महसूस गर्नेगरी लागू गर्नुपर्ने देखिन्छ।

स्वास्थ्य सेवाहरूलाई सामान्यतया स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवाको स्तर र बिरामीलाई गर्नुपर्ने हेरचाहको जटिलताको आधारमा विभिन्न श्रेणी वा स्तरहरूमा वर्गीकृत गरिन्छ। जस्तै प्राथमिक वा सामुदायिक, विशिष्ट, अतिविशिष्ट स्वास्थ्य सेवा आदि। यी हरेक तह वा स्तरहरूको बीच समन्वय, सहकार्य र सहयोग भएन भने स्वास्थ्य सेवाको सम्बन्ध छुट्छ वा टुट्छ। साथै यीमध्ये कुनै तह वा श्रेणी कमजोर भयो भने पनि स्वास्थ्य सेवाको पहुँच धेरैको लागि असम्भव जस्तै हुन्छ। नेपालको स्वास्थ्य सेवामा देखिएको एउटा प्रमुख समस्या यो पनि हो। यो समाधान गर्नका लागि हरेक तह र श्रेणी समेटेर समस्त स्वास्थ्य सेवाको एकीकृत विकास र सुधार गर्न सक्ने योजना बनाइ लागू गर्नुपर्ने देखिन्छ।

नेपालको स्वास्थ्य सेवामा सेवाको माग र आपूर्तिबीच खाडल छ। स्वास्थ्य सेवामा सरकारी वा सार्वजनिक स्रोत र साधनको उपलब्धताको कमी छ भने माग निकै बढी छ। माग र आपूर्तिबीचको खाडल पुर्न सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको कस्तो र कतिसम्मको भूमिका रहेको छ वा रहनुपर्ने हो, त्यसको लेखाजोखा पनि छैन। यस्तो अस्पष्ट अवस्थामा बन्ने रणनीति, नियम, योजना र कार्यक्रमहरूले अहिलेको स्वास्थ्य सेवामा देखिएका समस्या समाधान गर्न सक्दैन। यो समस्या समाधान गर्न अहिले हामी कहाँ छौं, अर्को वर्ष वा एक निश्चित अवधिमा कहाँ र कसरी पुग्ने हो, त्यसको निक्यौंल गर्न वस्तुगत तथ्याङ्कसहित तथ्यगत आधार तयार गर्नुपर्ने हुन्छ। यसैको आधारमा बन्ने योजना र कार्यक्रमले मात्रै स्वास्थ्य क्षेत्रमा सरकारले तोकेको उद्देश्य पूरा हुन सक्छ।

समस्या र चुनौतीको खातमाथि बसेको स्वास्थ्य मन्त्रालयले हिजोको आजै वा निकट भविष्यमा स्वास्थ्य सेवामा उल्लेख्य सुधार गर्न सक्दैन। यसका लागि सबै सरोकारवालासँग परामर्श गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति तथा कार्यक्रम बनाउनु जरुरी हुन्छ। यस्ता नीति तथा कार्यक्रमहरू पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण विगतमा सरकारका नीति तथा कार्यक्रमहरू बीचैमा अलपत्र पर्ने गरेका छन्। नयाँ नेतृत्वको आआफ्नै प्राथमिकता र कार्यक्रम हुने हुनाले पहिलेको नेतृत्वका प्राथमिकता, राम्रा नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिने प्रचलन पनि छैन।

त्यस्तै, स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको कमी, स्वास्थ्य कार्यक्रमहरूको कमजोर कार्यान्वयन, फितलो मूल्याङ्कन र अनुगमन पद्धति, कर्मचारीमा जवाफदेहिता र जिम्मेवारीपनको कमी, पदीय दायित्वमा राम्राभन्दा हाम्राहरूको हालीमुहाली आदि कारणले पनि स्वास्थ्य सेवामा भने जस्तो सुधार हुन सकेको छैन। यी कमजोरीहरू हटाउन सबै दलको राजनीतिक प्रतिबद्धताले मात्रै पुग्दैन, हरेक तह र क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्नुपर्ने देखिन्छ।

विगतको तथ्याङ्क हेर्दा मातृ एवं बाल स्वास्थ्यको क्षेत्रमा नेपालमा भएका सुधार र उपलब्धिको अन्तर्राष्ट्रिय क्षेत्रबाट खुलेरै प्रशंसा भएको छ। यस्तै, काम अब कुनै एक क्षेत्रमा मात्रै हैन, समग्र स्वास्थ्य क्षेत्रको आमूल रूपान्तरण गर्न वर्तमान सरकार, स्वास्थ्य मन्त्रालय र मन्त्रीको भूमिका महत्त्वपूर्ण हुन्छ। स्वास्थ्य क्षेत्रमा भएका कमीकमजोरी र सुधार गर्नुपर्ने कामहरूबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरूलाई जानकारी नै छ। तर ती कमीकमजोरीहरूलाई कसरी सुधार गर्ने र त्यसको लागि स्रोत र साधनको व्यवस्था कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण हो। यो काम मन्त्रालयका उच्च पदाधिकारीहरूको दीर्घकालीन सोच, प्रतिबद्धता र कुशल नेतृत्वले मात्रै सम्भव छ।

जहाँ समस्या हुन्छ, त्यहाँ समस्याको समाधान पनि हुन्छ। समस्याको समाधान स्वचालित वा यन्त्रवत्‌रूपमा आफैं हुने हैन। आआफ्नो क्षेत्रमा भएका समस्याहरूको पहिचान गरी समाधान गर्न पद्धति, प्रणाली र संयन्त्रको व्यवस्था गरिएको हुन्छ। यसैका लागि सरकार, नीतिनियम, विभिन्न संरचना, निकायहरू, नागरिक समाज आदि हुन्छन्। नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम स्वास्थ्यसम्बन्धी जनताको मौलिक हक र अधिकार सुनिश्चित गर्न, सर्वसुलभ र सुपथरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन राजनीतिक दल, नेता, सरकारी निकाय र संयन्त्रले अहिले नै आआफ्नो ठाउँबाट उचित कदम राख्ने हो भने नेपालको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्न सम्भव छ।

(लेखक बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनको क्षेत्रमा परामर्शदाता र विश्वविद्यालयमा प्राध्यापकका रूपमा कार्यरत छन्। रासस)



कान्तिलोकपथमा दुर्घटनाग्रस्त गाडीः कान्तिलोकपथको छपेली –बगुवा खण्डमा पर्ने माझखोलामा बुधवार बिहान सडकबाट खस्दा क्षतविक्षत भएको ग २ च ९६६८ नम्बरको कुखुरा बोकेको बोलेरो गाडी। तस्बिर : माधवप्रसाद घिमिरे/रासस

## फरक समाचार

# दूधमा के मिसिएको छ भनेर कसरी चिन्ने

चाडपर्व नजीकिँदै गर्दा घर–घरमा खुशीयाली छ। यस अवसरमा दूधमा मिसावट हुँदा तपाईंको स्वास्थ्य बिगार्छ ? भर्खरै भारतको उत्तर प्रदेशको बुलन्दशहरमा रहेको चिलिङ प्लान्टमा ठूलो मात्रामा मिलावटी दूध उत्पादन भएको खुलासा भएको छ। यो खबर निकै चिन्ताजनक छ किनभने मिलावटी दूध स्वास्थ्यका लागि निकै खतरनाक हुन सक्छ।




बुलन्दशहरको पोटा खुशालपुर गाउँमा रहेको चिलिङ प्लान्टमा ठूलो मात्रामा मिलावटी दूध बनाउने काम भइरहेको थियो। गोप्य सूचनाको आधारमा खाद्य विभागले गत सोमवार राति उक्त प्लान्टमा छापा मारेर ठूलो परिमाणमा मिलावटी दूध बरामद गरेको थियो। प्लान्टबाट रिफाइन गरिएको खाली पोलिथिन र दूधको धूलो पनि फेला परेको छ। प्लान्ट सञ्चालकले ५० देखि ६० लिटर सिन्थेटिक दूध ७०० लिटर वास्तविक दूधमा मिसाएर दैनिक सात हजारदेखि १० हजार लिटर दूध आपूर्ति गर्ने गरेको स्वीकार गरेका छन्।

खाद्य विभागका सहायक आयुक्त विनीत कुमारले यो नक्कली दूध दिल्ली, नोएडा र गाजियाबादजस्ता क्षेत्रमा आपूर्ति भइरहेको बताएका छन्। टोलीले चारवटा नमूना सङ्कलन गरी करीब ७०० लिटर सिन्थेटिक दूध नष्ट गरेको छ। उल्लेखनीय छ कि केही महीना अघि सिकन्दराबादमा १४०० लिटर नक्कली दूध बरामद भएको थियो, जुन आपूर्तिको लागि जाँदै थियो। यसबाहेक गत महीना सिकन्दराबादको एउटा किरानापसलबाट पनि नक्कली शुद्ध घ्यू बरामद भएको थियो।

**कसरी चिन्ने दूधमा मिलावट छ भनेर ?**

मिलावटी दूध पहिचान गर्ने केही सरल उपायहरू छन्, जसको प्रयोग गरेर तपाईं घरमैं दूधको शुद्धता जाँच गर्न सक्नुहुन्छ :

**पानी मिलाएको :** गिलासको सतहमा दूधको केही थोपा राख्नुहोस्। यदि दूध बग्दा सेतो धार छोड्छ भने त्यो शुद्ध हुन्छ। यदि यो धारविना बग्छ भने पानी मिसाइएको भनी बुझ्नुपर्छ।

**रिफाइन्ड तेलको मिसावट :** दूधलाई सीसीको बोतलमा हालेर केही बेर हल्लाउनुहोस्। यदि दूधमा फिंज वा तेलको परत जम्मा भयो भने त्यसमा रिफाइन्ड तेल मिसाएको हुन सक्छ।

**सिन्थेटिक दूध :** सिन्थेटिक दूध साबुन वा डिटर्जेन्टको गन्धजस्तै गन्हाउँछ। उमालेपछि यो पहेंलो वा हल्का नीलो हुन्छ।

**स्टार्च मिसावट :** दूधमा २–३ थोपा आयोडिन हाल्नुहोस्। यदि दूधको रङ नीलो भयो भने त्यसमा स्टार्च मिसाएको हुन्छ।

**डिटर्जेन्ट मिसावट :** दूधमा फिज नआउन्जेल हल्लाउनुस्। यदि फिज अबेरसम्म रहन्छ भने त्यस दूधमा डिटर्जेन्ट हुन सक्छ।

**चम्किलो सेतोपन :** यदि दूध असामान्यरूपमा सेतो र बाक्लो देखिन्छ भने, यसमा कृत्रिम पदार्थहरू थपिएको हुन सक्छ।

# मेवाको पातले रातभरिमा प्लेटलेट्सको कमी पूरा गर्छ

रगतमा प्लेटलेट्सको कमीले डेङ्गी रोगीहरूको लागि गम्भीर समस्या निम्त्याउन सक्छ, किनभने यो रोग लागेपछि रगतमा प्लेटलेट्सको सङ्ख्या द्रुत गतिमा घटाउँछ। डेङ्गीको उपचारका लागि धेरै घरेलु उपचार सहयोगी हुन सक्छन्।



तिनै घरेलु उपचारमध्ये एउटा मेवाको पातको सेवन पनि हो। मेवाको पातको सेवनबाट प्लेटलेट्सको कमीलाई छिट्टै पूर्ति गर्न सकिन्छ र डेङ्गीका बिरामीका लागि यो निकै फाइदाजनक साबित हुन सक्छ।

मेवाको पातमा धेरै तत्त्व पाइन्छ, जसले प्लेटलेट्सको सङ्ख्या बढाउन मदत गर्छ। यसमा प्यापेन र काइमो–पपेनजस्ता इन्जाइमहरू हुन्छन्, जसले प्लेटलेटको उत्पादनलाई उत्तेजित गर्छ। साथै, मेवाको पातमा भिटामिन सी र एन्टिअक्सिडेन्ट पाइन्छ, जसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। यसले डेङ्गी भाइरससँग लड्न मदत गर्छ र प्लेटलेट्सको स्तर स्थिर राख्छ।

**मेवाको पात कसरी सेवन गर्ने ?**

डेङ्गी रोगीहरूले मेवाको पात धेरै तरीकाबाट सेवन गर्न सक्छन्। सबैभन्दा सजिलो उपाय भनेको मेवाको पातबाट रस निकालेर सेवन गर्नु हो। यसका लागि केही ताजा पातहरू धुनुहोस्, त्यसलाई पिस्नुहोस् र रस निकाल्नुहोस्। बिहान–बेलुका यो जुस पिउनाले प्लेटलेट्सको सङ्ख्या बढाउन मदत गर्छ। ख्याल गर्नुहोस् कि मेवाको पातको रस तीतो हुन्छ, त्यसैले यसलाई मह वा कागतीको रसमा मिसाएर पिउन सकिन्छ।

**सावधानी :** मेवाको पातको रस प्लेटलेट्स बढाउनमा फाइदाजनक भएपनि यसको सेवन गर्दा चिकित्सकको सल्लाह लिनु जरुरी हुन्छ। गर्भवती महिला र बालबालिकाले यसलाई चिकित्सकको निगरानीमा मात्र सेवन गर्नुपर्छ। यसका अलावा मेवाको पातको अत्यधिक सेवनले पेटको समस्या निम्त्याउन सक्छ, त्यसैले यसलाई सीमित मात्रामा मात्र सेवन गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बङ्गलादेशमा राष्ट्रपति सहाबुद्दीनको राजीनामा माग, प्रदर्शनकारीद्वारा राष्ट्रपति भवन कब्जा




बङ्गलादेशको राजधानी ढाकामा राष्ट्रपति महम्मद सहाबुद्दीनको राजीनामा माग गर्दै भेला भएको विरोधी प्रदर्शनकारीहरूको भीड । फोटो : एपी

ढाका, ७ कात्तिक/एएनआई

बङ्गलादेशका प्रदर्शनकारीहरूले राष्ट्रपति मोहम्मद सहाबुद्दीनको राजीनामा माग गर्दै राष्ट्रपति भवन 'बङ्गभवन' कब्जा गरेका छन् ।

यस अघि मङ्गलवार दिउँसो प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गर्ने समूह 'एन्टी–डिस्क्रिमिनेशन स्टुडेन्ट मुभमेन्ट'ले ढाकाको केन्द्रीय शहीद मीनारमा भएको ऱ्यालीमा राष्ट्रपतिको राजीनामासहित पाँच बुँदे माग घोषणा गरेको थियो ।

राष्ट्रपति सहाबुद्दीनको राजीनामा माग गर्दै मध्यराति बङ्गभवनतर्फ अघि बढेका प्रदर्शनकारीहरूलाई सेनाले ब्यारिकेड लगाएर रोकेको छ ।

प्रदर्शनकारीहरूले बङ्गभवन बाहिर उभिएर बङ्गलादेशका राष्ट्रपतिको राजीनामा माग गर्दै नारा लगाउन थालेका छन् ।

"राष्ट्रपति हसिनाको अधिनायकवादी सरकारका सहयोगी हुन् । उनले तुरुन्तै राजीनामा दिनुपर्छ"–एकजना प्रदर्शनकारीले भने ।

मोहम्मद सहाबुद्दीन बङ्गलादेशका १६औं राष्ट्रपति हुन् । उनी सन् २०२३ को राष्ट्रपति चुनावमा अवामी लिगको मनोनयनमा निर्विरोध निर्वाचित भएका थिए ।

भेदभाव–विरोधी विद्यार्थी आन्दोलनले सन् १९७२ मा लेखिएको संविधान खारेज गर्न माग गर्दै सन् २०२४ को सन्दर्भमा नयाँ संविधान लेख्न आह्वान गरेको छ ।

त्यसैगरी, विद्यार्थीहरूले अवामी लिगको विद्यार्थी सङ्गठनमाथि प्रतिबन्ध लगाउन माग गरेका छन् ।

प्रदर्शनकारीहरूले सन् २०१८ र २०२४ मा शेख हसिनाको नेतृत्वमा भएको चुनावलाई अवैध घोषणा गर्नुपर्ने र यी चुनावमा विजयी भएका सांसदहरूलाई अयोग्य ठहर गर्नुपर्ने माग गरेका छन् । उनीहरूले जुलाई–अगस्त विद्रोहको स्फूर्ति ध्यानमा राख्दै गणतन्त्रको घोषणा गर्न आह्वान गरेका छन् ।

सरकारी जागीरका लागि आरक्षण प्रणाली अन्त्य गर्न माग गर्दै जुलाईमा बङ्गलादेशमा विद्यार्थीहरूको नेतृत्वमा भएको विरोध प्रदर्शनले सरकारविरोधी प्रदर्शनको रूप लिएको हो ।

विरोधको बढ्दो पृष्ठभूमिमा प्रधानमन्त्री शेख हसिनाले ५ अगस्तमा राजीनामा दिएपछि बङ्गलादेशमा अन्तरिम सरकार स्थापना भएको थियो र नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो । रासस

## नसरुल्लाहका उत्तराधिकारीको मृत्यु भएको दाबी

इजरायल, ७ कात्तिक/एएनआई

इजरायली सेना (आइडिएफ)ले यस महीनाको शुरूमा बेरुतमा भएको इजरायली हवाई आक्रमणमा हेजबुल्लाहका अधिकारी हाशेम सफिद्दीनको मृत्यु भएको दाबी गरेको छ।



तस्वीर: एजेन्सी

हिज्बुल्लाहको कार्यकारी परिषद्का प्रमुख तथा हसन नसरुल्लाहको उत्तराधिकारीसमेत मानिएका सफिद्दीनको सेप्टेम्बरकै आक्रमणमा मृत्यु भएको द टाइम्स अफ इजरायलले जनाएको छ । आइडिएफका अनुसार हाशेम हसन नसरुल्लाहका भाइ थिए ।

इजरायली सेनाका अनुसार अक्टोबर–४ मा भएको आक्रमणमा हिजबुल्लाहको गुप्तचर मुख्यालयका कमान्डर हुसेन अली हाजिमासँगै सफिद्दीनको मृत्यु भएको थियो ।

सेनाले लेबनान आक्रमणले बेरुतमा रहेको हेजबुल्लाहको भूमिगत गुप्तचर मुख्यालयलाई लक्षित गरेको जनाएको छ ।

आक्रमणाको समयमा शीर्ष कमान्डरसहित हिजबुल्लाहको गुप्तचर डिभिजनका २५ जनाभन्दा बढी सदस्य मुख्यालयमा रहेको आइडिएफलाई उद्धृत गर्दै द टाइम्स अफ इजरायलले जनाएको छ ।

आक्रमणपछि सफिद्दीन सम्पर्कविहीन रहेको उल्लेख गर्दै आइडिएफले बुधवार सफिद्दीनको मृत्युको पुष्टि गरेको हो, यद्यपि हिजबुल्लाहले भने अहिलेसम्म उनको मृत्युको पुष्टि गर्ने कुनै तथ्य जारी गरेको छैन ।

सामाजिक सञ्जाल एक्समार्फत आइडिएफले हिजबुल्लाह कार्यकारी परिषद्का प्रमुख हाशेम सफिद्दीन र हेजबुल्लाहको गुप्तचर मुख्यालयका कमान्डर अली हुसेन हाजिमाको दहिहमा हिजबुल्लाहको मुख्यालयमा गरेको आक्रमणमा मृत्यु भएको जनाएको छ ।

हाशेम हेजबुल्लाहका पूर्वनेता हसन नसरुल्लाहका भाइ तथा हिजबुल्लाहका प्रमुख निर्णयकर्ता थिए । नसरुल्लाहको अनुपस्थितिमा हाशेमले हिजबुल्लाहको महासचिवको रूपमा काम गरेका थिए ।

यस अघि सेप्टेम्बर २८ मा आइडिएफले बेरुतमा इजरायली सेनाले गरेको आक्रमणमा हसन नसरुल्लाहको हत्या भएको पुष्टि गरेको थियो । रासस

## नयाँ इजरायली निकासी आदेशपछि लेबनानी नागरिकको भागाभाग

लेबनान, ७ कात्तिक/एएफपी

इजरायली सेनाले हजारौं विस्थापितको वासस्थान रहेको टायर शहरको ठूलो भाग खाली गर्न चेतावनीसहितको निकारी आदेश जारी गरेपछि लेबनानी नागरिकहरू बुधवार उक्त स्थानबाट भागेका छन् ।

टायरको विपद् व्यवस्थापन एकाइका प्रमुख मोर्ताडा महन्नाले यहाँको अवस्था निकै खराब भएकाले तीव्र गतिमा मानिसहरूलाई सुरक्षित स्थानतर्फ स्थानान्तरण गरिएको बताएका छन् ।

व्यवस्थापन एकाइका मिडिया अफिसर बिलाल काशमारले धेरैजना शहरबाट भागेर उपनगरतिर गएको बताएका छन् । उनका अनुसार हाल सम्पूर्ण टायर शहर खाली भएको छ ।

कैयौं पीडाहरूको सामना गरिबसेका केही परिवारहरूले पटकपटकको इजरायली धम्की र निकासी आदेशका कारण ज्यान बचाउन आफ्नो घर छोड्न थालेको लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सीले जनाएको छ ।

इजरायली सेनाले लेबनानी लडाकू समूह हिजबुल्लाहलाई लक्षित गरी सैन्य कारबाई गर्नु अघि टायरका बासिन्दाहरूलाई उक्त स्थान छोड्न आह्वान गरेपछि मानिसहरू तुरुन्तै भाग्न थालेको जनाएको छ ।

सेनाका अरबी भाषाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्समा टायरको प्रभावित क्षेत्रको नक्शासहितको फोटो पोस्ट गर्दै तुरुन्तै प्रभावित क्षेत्रबाट बाहिर निस्की जीवनलाई खतराबाट जोगाउन आह्वान गरेका छन् । रासस



**क्लिनलेक:** मनाङ डिस्याङ गाउँपालिका–४ हुम्डेस्थित ३,३०० मिटर उचाइमा अवस्थित क्लिनलेक र पृष्ठभूमिमा अन्नपूर्ण दोस्रो हिमालको दृश्य । मनाङ जिल्लामा मात्रै ५७ वटा सानाठूला हिमताल रहेका छन् । तस्बिर : नवीन लामिछाने/रासस

### जुनसुकै ...

यसको पहुँच पुऱ्याएका छौं," उनले भने ।

**'ढिलासुस्ती र प्रशासनिक झन्झट अन्त्य गर्न नयाँ थालनी'**

प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती र प्रशासनिक काममा हुने झन्झट अन्त्य गर्न नयाँ कामको थालनी गरिएको स्पष्ट पारे । सरकार गठन भएको सय दिनका उपलब्धिबारे आज सम्बोधन गर्दै उनले अब सवारी चालकले 'ट्रायल पास' गर्नासाथ 'नागरिक एप'मा नै लाइसेन्स पाउने व्यवस्था गरिएको बताए ।

प्रधानमन्त्री ओलीले भने, "सवारी नियम उल्लङ्घनको जरिवाना तिर्दा अब जहाँ नियम उल्लङ्घन भएको हो, सोही स्थानमा जरिवाना भुक्तानी गर्न सकिने सजिलो व्यवस्था सरकारले गरेको छ ।"

कुनै पनि सरकारी सेवा लिन कार्यालय धाउनु नपर्ने, कर्मचारी भेट्नु नपर्ने र घरमैं बसेर सबै सेवा लिन सक्ने व्यवस्था गर्न लागिएको जानकारी दिँदै प्रधानमन्त्री ओलीले यसबाट सेवाप्रवाहमा हुँदै आएको झन्झट अन्त्य हुने र सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

"सरकारी कार्यालयमा कामका फाइल अड्काउने, कामको समयावधि लम्ब्याउने र यसबाट सेवाग्राहीले दुःख पाउने स्थितिबाट मुक्त गर्न 'क्युआर कोड' मार्फत फाइल 'मुभमेन्ट ट्र्याकिङ' गर्ने प्रणाली परीक्षणका रूपमा सुरुआत गरेका छौं," उनले भने, "अब सरकारी कार्यालयमा हुने आफ्नो कामको जानकारी मोबाइलबाटै पाउन सकिनेछ ।"

### सुस्ताको ...

यहाँ आउनुभएको छ । हामीलाई धेरै खुशी लागेको छ। हाम्रोलागि राम्रो काम गर्नुभएको छ । विद्युत् पनि ल्याइदिनु भयो । पुल पनि बनाइदिनुभयो। हामी धेरै खुशी छौं। हाम्रोलागि नागरिकता र लालपुर्जा दिलाइदिनुभयो भने अझै धेरै खुशी हुन्थ्यौं," सुस्ता क्षेत्रसमेतको संसद्मा प्रतिनिधित्व गर्ने विनोद चौधरी नवलपरासी पुग्ने बित्तिकै उनलाई घेरा हाल्नेको भीड हुने गर्छ । कोहीले नागरिकता, कोहीले लालपुर्जा, कोहीले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रका समस्याहरू व्यक्त गर्दै थिए सांसद चौधरीसँग । "सरकार हमनके दुःख बुझ्देहन जा नाही नाही कहिके मिलि अर्थात् सांसदज्यू हाम्रो दुःख बुझिदिनु है । हुन्न नभन्नुहोला ।" बिधौती हरिजनले सांसद चौधरीलाई गरेको आग्रह हो यो । "ठीक हे चिन्ता मत करे । निचिन्त रहिए, मैं आफ्के साथ हुँ अर्थात् हुन्छ । चिन्ता नगर्नुस् । ढुक्क हुनुस् म तपाईंहरूकै साथमा छु," सांसद चौधरीले आश्वासन दिए । सांसद चौधरी भन्छन्, "उहाँहरूको मागलाई संसद्सम्म पुऱ्याउनेछु, ठेक्का सम्झौता भएर पनि लामो समयसम्म बन्न नसकेको सुस्ताको पुल मेरै पहलमा आज सम्पन्न भएर प्रयोगमा आएको छ। अरू समस्या बिस्तारै समाधान हुँदै जानेछ ।"

पुल बनेपछि अब त ज्यानै जोखिममा राखेर डुङ्गाको यात्रा गर्नुपर्ने दिन सकियो भनेर खुशी देखिन्छिन्, सुस्ताकै मीना चौधरी। "हामी नेपालसँग जोडिन पाएका थिइनौं, कहिले खोलामा भेल आउँथ्यो पारि नेपाल जानै पाइँदैनथ्यो, रातिको समयमा डुङ्गा चल्दैनथ्यो," उनी भन्छिन्, "पुल बनेको छ, अब त हामीलाई पहिलाको जस्तो सास्ती छैन ।" सुस्तालाई पनि अरू नेपालको भूमिलाई जस्तै माया गरेर सेवा सुविधाबाट वञ्चित नगराइदियोस् सरकारले भन्ने लाग्छ उनलाई । "हामी पनि त नेपाली नै हौं, हामीलाई पनि शिक्षा स्वास्थ्य जस्ता सुविधा पाउने हक त छ नि," मीना भन्छिन्, "लामो समय अन्धरकारमैं गुजारा गरेका थियौं, अहिले झलमल बत्तीमा बस्न पाएका छौं, अब चाहिं अरू सास्तीबाट मुक्ति हुन पाए हुन्थ्योझैं लाग्छ ।"

रामवृक्ष चमारको पनि उही नै गुनासो छ । लालपुर्जा छैन । आफूले त कष्ट काटे पनि छोरी, नातिको पालामा सुख भइदिए पनि हुन्थ्योझैं लाग्छ । सुस्तामा जोडिएको पुलले केही आशा त जगाएको छ उनलाई। उनी भन्छन्, "अहिले पुल बनेको छ, पारि ओहोरदोहोर गर्न पाइएको छ, अब अरू माग पनि पूरा होला कि भन्ने आशा छ ।" अब लालपुर्जाहरू पनि समयमा नै पाउन पाए हुन्थ्योझैं लाग्छ उनलाई । नागरिकता नपाउँदा राज्यबाट पाउनुपर्ने कुनै पनि सुविधा पाउन नसक्दा अझै मन विचलित छ उनको। "हामी पनि नेपाली हौं, हामीलाई पनि नागरिकता चाहिन्छ भनेका छौं," चमार भन्छन् ।

नवलपरासी जिल्लाको भूमि आयोगका अध्यक्ष, देवराज भण्डारीले सुस्ता पारिको हकमा मात्रै लालपुर्जामा समस्या रहेको बताएका छन् । सीमा विवाद नटुङ्गिएसम्म समस्या रहेको र अन्तर्राष्ट्रिय सिमानासँग जोडिएका क्षेत्रमा छुट्टै ऐन लागू हुने भएकाले लालपुर्जाको समस्या समाधान गर्न चुनौती रहेको उनको भनाइ छ । "नवलपरासी पश्चिमका २२ हजारसँग लालपुर्जा नै छैन, पश्चिम क्षेत्र नं १ मा १४ हजारजनाको हाराहारीमा लालपुर्जा छैन," उनी भन्छन्, "सांसद चौधरीको पहलमा जग्गा वितरण गर्ने कार्य शुरू भएपनि आयोग विघटन भएपछि काम रोकिएको छ।" उनका अनुसार लालपुर्जाको समस्या विषेशगरी सुस्ता गाउँपालिका, बर्दघाट नगरपालिकामा देखिएको छ । सम्पर्क तथा भूआर्जन कार्यालय गण्डक योजना, वाल्मीकिनगर, नवलपरासीकी सम्पर्क तथा भूआर्जन अधिकृत कमला पराजुली (तिवारी)ले सुस्तावासीले नागरिकता, शिक्षा, सुरक्षा, स्वास्थ्य, लालपुर्जा, रोजगारलगायतका समस्या भोग्नुपरेको बताएकी छन् । "सुस्ता नेपाल–भारत सीमाको नजीक भएकोले, विवाह गरेर आउने र जाने चलन छ। बसाइँ सरेर आउनेको सङ्ख्या पनि छ," उनी भन्छन्, "सुस्तामा बस्ने सबै सर्वसाधारणले नागरिकता पाएका हुँदैनन् । अनि राज्यको सुविधाबाट वञ्चित हुनुपरेको छ ।"

रामु ढकाल सखर स्थानीय व्यवसायी हुन् । सुस्ता उखुको राम्रो उत्पादन हुने ठाउँ हो । सुस्ताको उखु लैजान निकै कठिन हुने गरेको उनको भनाइ छ । "यहाँको उखु डुङ्गाकै भरमा लानुपर्थ्यो, डुङ्गा नै पल्टिन्छ कि भन्ने डर उस्तै थियो," उनी भन्छन्, "उखु नै नबिकेर कतिले त धानखेती लगाउन थालेका छन् । पुल बनेपछि अब उखु नबिक्ने सास्ती हट्नेछ यहाँ । हामी व्यापारीलाई पनि सहजरूपमा पारि पुऱ्याउन सकिन्छ ।" सुस्ता बचाउका युवा अभियन्ता कमल बत्स्याल पनि सुस्तामा शिक्षा, स्वास्थ्य, रोजगारलगायतका समस्याहरू यथावत् रहेकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताउँछन् । नागरिकता नै नहुँदा अनेक समस्या रहेको सरावल गाउँपालिकाका पूर्वअध्यक्ष राधेश्याम चौधरीको भनाइ छ । "नागरिकता नहुँदा बैंकिङ समस्या भइरहेको छ। मानिस स्नातकोत्तर पढेका छन् । तर नागरिकता नहुँदा रोजगारमा समस्या छ," उनी भन्छन्, "सामाजिक सुरक्षा भत्ता पनि पाउन सकेका छैनन् । यहाँका मानिसको मनमनमा नेपालीपन छ । तर प्रमाण छैन ।"

### आजको राशिफल

| | |
|---|---|
| मेष — भयचिन्ता | वृष — विजय |
| मिथुन — धनखति | कर्कट — भाग्योदय |
| सिंह — बेचैनी | कन्या — मनोरञ्जन |
| तुला — कर्मप्राप्ति | वृश्चिक — अस्वस्थता |
| धनु — वादविवाद | मकर — यात्रालाभ |
| कुम्भ — कडापरिश्रम | मीन — चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# वीरगंजमा प्याब्सन विद्यालयहरूको लोकनृत्य प्रतियोगिता

प्रस, परवानीपुर, ७ कात्तिक/

प्याब्सन पर्साको आयोजनामा यही शुक्रवार बिहान ११ देखि साँझ ५ बजेसम्म लोकनृत्य प्रतियोगिता आयोजना हुने भएको छ ।

प्याब्सन वीरगंजसँग आबद्ध २३ वटा विद्यालयको सहभागितामा वीरगंज नगर सभागृहमा आयोजना हुने प्रतियोगितामा नेपालीका विभिन्न समुदायका चाडपर्वमा प्रस्तुत हुने सांस्कृतिक कार्यक्रमलाई प्रस्तुत गरी एकापसमा प्रतिस्पर्धा गराइने कार्यक्रम रहेको बुधवार पत्रकार




तस्वीरः प्रतीक

सम्मेलन गरी जानकारी गराइएको छ ।

लिटिल एन्जल्स मावि आदर्शनगरमा भएको कार्यक्रममा प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधानले प्याब्सनमा आबद्ध विद्यालयहरूको यस्तो कार्यक्रमले नेपाली लोक गीत, सङ्गीतको जगेर्नामा मदत पुग्ने बताए । नयाँ पुस्ताले पुराना रीतिरिवाज, संस्कृतिलाई नजीकबाट अनुभूति गर्न पाओस्, त्यस कारण यस्तो कार्यक्रम आयोजना गरिएको उनले प्रकाश पारे । निश्शुल्क प्रवेश रहेको सो कार्यक्रममा विकन, जीवनज्योति, कञ्चनजङ्घा, माउन्ट मकालु, मूनलाइट, मनकामना, लिटिल फ्लावर, गुरुकुल, ज्ञानदा, साउथजोन, गोल्डेन फ्युचर लगायत विद्यालयहरूको सहभागिता छ ।

प्रतियोगिताका विजेता, उपविजेता, तेस्रो, चौथो र पाँचौं स्थान हासिल गर्नेलाई ट्रफीसहित पुरस्कृत गर्ने कार्यक्रम छ । प्रतियोगिताको निर्णायकमण्डल काठमाडौंबाट आउनेछ ।

प्याब्सन नगर अध्यक्ष एवं कार्यक्रम संयोजक आलोक चौरसियाको अध्यक्षता एवं शिक्षक अशोक सङ्ग्रौलाको सहजीकरणमा भएको कार्यक्रममा प्याब्सन पर्साका वरिष्ठ उपाध्यक्ष सरोजप्रसाद चौधरी, उपाध्यक्ष शिवजी गुप्ता, कोषाध्यक्ष रामकिशोर यादवलगायतको सहभागिता थियो ।

# वीरगंजमा मण्डला थिएटरको वर्कशप

प्रस, परवानीपुर, ७ कात्तिक/

वीरगंजमा अभिनय कला सिकाउने कार्यक्रममा पर्सा र बाराका एक दर्जनभन्दा बढी महिला, पुरुष




तस्वीरः प्रतीक

मण्डला थिएटर वर्कशप आयोजना भएको छ । वीरगंजको गहवास्थित आदर्श होटलको सभाहलमा आयोजित प्रशिक्षण कलाकारहरूले प्रशिक्षण लिइरहेका छन् ।

मण्डला थिएटर काठमाडौंको दोस्रो वर्षका विद्यार्थी मुन्ना सर्राफले प्रशिक्षण दिइरहेका छन् । असोज ३० देखि कात्तिक १४ गतेसम्म १५ दिने प्रशिक्षणमा कलाकारहरूले अभिनय, कलाका विभिन्न विधाबारे जानकारी लिंदैछन् ।

स्थानीयस्तरमा कलाकार उत्पादन हेतु सो कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

# थरघाटीमा गाँजाखेती फँडानी



प्रस, पंचगावाँ, ७ कात्तिक/

पटेर्वासुगौली गाउँपालिका–२ थरघाटी टोलका विभिन्न स्थानमा लगाइएको २० कट्ठा गाँजाखेती प्रहरीले फँडानी गरेको छ ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापा नेतृत्वको प्रहरी गस्ती टोलीले सो क्षेत्रमा लगाइएको गाँजाका आठ हजार बिरुवा फँडानी गरी जलाएर नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

गाँजाखेती गर्ने व्यक्तिको खोजतलाश भइरहेको प्रहरीले जनाएको छ ।

# काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै

चन्द्रपुर (रौतहट), ७ कात्तिक/रासस

केही वर्षयता रौतहटका वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै गएको छ । छिटोछरितो हुने भएकाले काठ तस्करहरूले भारतीय नम्बरका साना सवारीसाधनको प्रयोग गर्दै आएको पाइएको छ ।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले दिएको तथ्याङ्क अनुसार गत असोजमा मात्रै दुईवटा पिकअप भ्यान र एक थान टयाक्टर बरामद गरेको छ । कार्यालयका सूचना अधिकारी



तस्वीरः प्रतीक

महालक्ष्मी शर्माले गत असोज ७ गते तीनजनासहित ३४ क्युफिट काठ, एउटा पिकअप भ्यान वन गस्तीमा खटिएको टोलीले पक्राउ गरेको थियो ।

गत असोज ८ गते ना.४च ८७९४ नम्बरको टाटा पिकअपबाट १४ दशमलव २० क्युफिट काठसहित दुईजनालाई पक्राउ गरिएको सूचना अधिकारी शर्माले जानकारी दिए । उनका अनुसार असोज २३ गते ८६ क्युफिट काठ, प्रदेश २–०३–००१ त २०८० नम्बरको टयाक्टरसहित तीनजनालाई पक्राउ गरिएको छ ।

गत आर्थिक वर्षमा विभिन्न मितिमा पाँच थान पिकअप भ्यान र पाँच थान टयाक्टर काठ चोरी भएकामा वन कर्मचारीले खोजी गरी पक्राउ गरेको थियो । साथै मोटरसाइकल, साइकल, टायरगाडामार्फत पनि काठ तस्करी भइरहेको भन्दै यी सवारीसाधन सुराकीको आधारमा तथा वनको नियमित गस्ती गर्ने क्रममा पक्राउ परेको सूचना अधिकारी शर्माले जानकारी दिए ।

गत आवमा काठ चोरी गर्ने ४९ जनामाथि मुद्दा चलाइएको जनाउँदै उनले एक हजार १९४.५८ क्युफिट काठ बरामद गरिएको उल्लेख गरे । आव २०७९/८० मा ९५ वटा सवारीसाधनसहित दुई हजार पाँच सय बढी क्युफिट काठ बरामद गरेको थियो । सो अवधिमा काठ ढुवानी गर्न प्रयोग भएका पिकअप भ्यान आठ, टयाक्टर तीन, ट्रक, मिनीट्रक र स्कारपियो एक/एक, साइकल ६५, मोटरसाइकल पाँच र रिक्शा ९५ वटा बरामद गरिएको थियो । ती तस्करीमा संलग्न ५० जना तस्करलाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको थियो ।

सङ्घीय र प्रदेशको कानून बाझिंदा बरामद गरिएका सवारीसाधन र काठ लिलाम नहुँदा ती सवारीसाधन र काठ कुहिने अवस्थामा पुगेका डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्त साहले बताए । “विगत १२ वर्षदेखि ती काठ र सवारीसाधनको लिलाम हुन सकेको छैन भने हालसम्म कुनै पनि मुद्दाको किनारा लाग्न सकेको छैन,” उनले भने ।

कानूनी स्पष्टता नहुँदा कुनै पनि मुद्दाको फैसला नभएको भन्दै काठ र सवारीसाधनको लिलाम हुन नसकेको प्रमुख साहले बताए । यो समस्या देशव्यापीरूपमा रहेको उल्लेख गर्दै उनले समस्या समाधान गर्न सङ्घीय सरकारसँग समन्वय भइरहेको जानकारी दिए । बरामद काठ र सवारीसाधनको लिलाम नहुँदा राजस्व सङ्कलनमा कमी आएकाले तत्काल समाधानको पहल थाल्नुपर्ने उनको भनाइ छ ।




# खेलकूदको संसार

## सखुवाप्रसौनीलाई पराजित गर्दै छिपहरमाई सेमिफाइनलमा

प्रस, पोखरिया, ७ कात्तिक/

सखुवाप्रसौनी युवा समाजद्वारा सञ्चालित तेस्रो सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार भएको अन्तिम



तस्वीरः प्रतीक



क्वाटरफाइनल खेलमा छिपहरमाईले आयोजक सखुवाप्रसौनीलाई पराजित गर्दै सेमिफाइनलको यात्रा शुरू गरेको छ ।

पहिले ब्याटिङ गर्दै छिपहरमाईले २० ओभरमा १२६ रन बनाएको थियो । प्रतिउत्तरमा १२७ रनको लक्ष्यसहित मैदानमा उत्रेको सखुवाप्रसौनी १३ ओभरमा सबै विकेट गुमाएर ८३ रनमा सीमित भयो ।

आजको खेलको ‘म्यान अफ दी म्याच’ रोहित पटेल घोषित भए । भोलिदेखि सेमिफाइनलको खेल हुने र पहिलो सेमिफाइनल खेलमा पोखरिया र अपौनीबीच प्रतिस्पर्धा हुने आयोजक कमिटीका सचिव सरोज पटेलले बताए ।

# क्रान्तिकारी जनता निर्वाचनमा कहिल्यै बिक्री हुँदैनन् –नेता यादव

प्रस, वीरगंज, ७ कात्तिक/

नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृका यादवले क्रान्तिकारी जनता कहिल्यै निर्वाचनमा बिक्री नहुने बताएका छन् ।

विन्ध्यवासिनीमा मुकेश चौरसियाको चौथो स्मृतिसभामा नेता यादवले दलाल र भ्रष्ट नेताहरूले इमानदार नेपाली जनताको मत बेच्ने काम गर्दा देश सुधार हुन नसकेको र यसका लागि उनीहरू जिम्मेवार रहेको बताए ।

उनले नेपालको राज्यसत्ता अझै पनि विभेदकारी भएको बताउँदै मधेसीलाई हेर्ने राज्यको दृष्टिकोण फरक रहेकोले वर्गीय समानताको सङ्घर्ष अझै जारी रहेको बताए ।

मुकेश चौरसियाका बुबा रामनाथ चौरसियाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# करेन्ट लागेर महिलाको मृत्यु

प्रस, रौतहट, ७ कात्तिक/

गढीमाई नगरपालिका–७ धनहारीमा बुधवार करेन्ट लागेर एकजना महिलाको मृत्यु भएको छ । माधवनारायण नगरपालिका–९ बस्ने विजय सहनीकी पत्नी २४ वर्षीया रिङ्कुदेवी सहनीको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय, गरुडाका प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताए ।

खेतमा राखेको ठेला ल्याउने क्रममा मेलामा जडान गरिएको विद्युतीय तारबाट करेन्ट लागेर उनी घाइते भएकी थिइन् । सहनीलाई उपचारका लागि गरुडास्थित बेटर नेपाल मल्टी स्पेशिलटी अस्पताल ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको उनले बताए । शवको शल्यपरीक्षणपछि थप अनुसन्धान हुने प्रहरीले जनाएको छ ।

## दुईवटा ...

खाद्य अनुसन्धान अधिकृत सुरेशकुमार सिंहले बताए । उनले खाद्य वस्तुहरूको टेस्टोमिटरद्वारा वैज्ञानिक ढङ्गले जाँच गरिएको दाबी गरे ।

अनुगमनमा वीरगंज महानगरका खाद्य अनुसन्धान अधिकृत विपिनकुमार दास, वीरगंज उद्योग वाणिज्य सङ्घका मनोज दास, उपभोक्ता हित संरक्षण मञ्चका अजित भुजेल, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, जिल्ला प्रशासन, प्रहरी, घरेलु तथा वाणिज्यका प्रतिनिधिहरूको सहभागिता थियो ।

## २९७ जना ...

बङ्गुरपालन, १८ जनालाई सुङ्गुरपालन र ९६ जनालाई बाख्रापालनको व्यवस्था गरिएको बताए । उनले गाईभैंसीमा नगद दिनुबाहेक सबैलाई वस्तु र सामान उपलब्ध गराइएको बताएका छन् ।

जीराभवानी गापामा ५० जना किशोरीलाई साइकल वितरण गरिएको तथा ३७ जनालाई स्टेशनरी सहयोग गरिएको उनले बताए ।

यसैगरी, ठोरी गापामा ५६ जना किशोरीमध्ये १३ जनालाई विद्यालय भर्ना गरिएको पालिका संयोजक चौरसियाले बताए ।

१५–१८ उमेर समूहका ४३ जनालाई व्यवसाय सञ्चालनमा प्रोत्साहित गरिएको उनले बताए । ठोरीमा १८ जनाले सिलाइकटाइ, १२ जनाले बाख्रापालन, सातजनाले सामूहिक तरकारीखेती, चारजनाले खाजापसल तथा दुईजनाले ब्युटिपार्लर सञ्चालन गरिरहेका उनले बताए ।

## साइबर अपराधबाट बचौं

**इन्टरनेट प्रयोग गर्दा:**

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समयसमयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शङ्कास्पद मेल, म्यासेज, लिङ नखोलौं,
- सामाजिक सञ्जालमा आएका शङ्कास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटकपटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरू ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरू इन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, इमेल वा अन्य कुनै वेब एप्लिकेशन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाइसहरू मर्मत गर्न दिंदा सम्पूर्ण विवरण हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरू नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |